# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्ष ४७ | २०७१ साउन–असोज | अङ्क १


## त्रिवि सभाको साधारण बैठक सम्पन्न

काठमाडौँ, भदौ २२ गते । त्रिभुवन विश्वविद्यालय सभाको साधारण बैठक आर्थिक वर्ष २०७१/०७२ को लागि १० अर्ब ६३ करोड ८३ लाख ७७ हजार रुपियाँको बजेट एवं त्रिविको ५ वर्षीय रणनीतिक योजना पारित गरी सम्पन्न भएको छ ।



त्रिविका उपकुलपति प्रा.डा. हिराबहादुर महर्जन त्रिवि सभाको साधारण बैठकलाई सम्बोधन गर्नुहुँदै ।

(तस्वीरः त्रिवि सूचना शाखा)

सभालाई अध्यक्षताको आसनबाट सम्बोधन गर्दै त्रिविका सहकुलपति शिक्षामन्त्री चित्रलेखा यादवले मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक एवं शैक्षिक विकासका लागि आवश्यक दक्ष एवं सक्षम जनशक्ति निर्माणमा त्रिविले निर्वाह गरेको नेतृत्वदायी भूमिकाको सराहना गर्नुभयो ।

नेपाललाई सन् २०२२ भित्र अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्यका साथ नेपाल सरकार अगाडि बढिहेको सन्दर्भ उठाउदैं उहाँले उक्त लक्ष्य पूर्तिका लागि त्रिविले गुणस्तरीय शिक्षा सुनिश्चित गरी सक्षम, उत्पादनशील र प्रतिस्पर्धी जनशक्ति तयार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।

सहकुलपति यादवले त्रिविको प्राज्ञिक स्वतन्त्रता र व्यवस्थापकीय स्वायत्तताका लागि सरकारले सहयोग गरिरहने बताउँदै सरकारले प्रदान गर्ने अनुदानको भरमा मात्रै विश्वविद्यालयले गुणस्तरीयता एवं स्तरीयता कायम गर्न नसक्ने भएकोले आन्तरिक स्रोतको उच्चतम परिचालनमा विशेष प्राथमिकता

(बाँकी पृष्ठ २ मा)

# विभिन्न पदमा नियुक्ति

**त्रिभुवन विश्वविद्यालयले विभिन्न पदहरूमा निम्नअनुसार नियुक्त गरेको छः**

| नाम | नियुक्त पद | नियुक्त स्थान | नियुक्ति लागु मिति |
|---|---|---|---|
| सह प्रा. नेत्रप्रसाद पनेरु | क्याम्पस प्रमुख | डडेल्धुरा क्याम्पस | २०७१।५।१३ |
| प्रा.डा. रञ्जना गुप्ता | विभागीय प्रमुख | प्राणीशास्त्र के.वि. | २०७१।५।५ |
| सह प्रा. गीता भट्टराई | विभागीय प्रमुख | खाद्य प्रविधि के.वि. | २०७१।५।५ |
| प्रा.डा. चन्द्रलाल श्रेष्ठ | विभागीय प्रमुख | ग्रामीण विकास के.वि. | २०७१।५।५ |
| उप प्रा. बाबुराम दाहाल | सह परीक्षा नियन्त्रक | प.नि.का., बल्खु | २०७१।४।१ |
| उप प्रा. दावा शेर्पा | सह परीक्षा नियन्त्रक | प.नि.का, बल्खु | २०७१।४।१ |
| **प्राध्यापक पदमा नियुक्ति** | | | |
| श्री यशोदाकुमारी काफ्ले (आचार्य) | प्राध्यापक | जनप्रशासन क्याम्पस,जमल | २०७०।१।२४ |

**त्रिवि सभाको साधारण बैठक....**

दिन समेत त्रिवि व्यवस्थापनलाई सुझाव दिनुभयो ।

*(शिक्षामन्त्रीको मन्तव्यको पूर्णपाठ पृष्ठ ५ मा हेर्नुहोला)*

साधारण सभालाई सम्बोधन गर्दै त्रिविका उपकुलपति प्रा.डा. हिराबहादुर महर्जनले विश्वविद्यालयलाई अनुसन्धानमूलक उत्कृष्ट शैक्षिक केन्द्रको रूपमा योजनाबद्ध विकास गर्ने, केन्द्रीय विश्वविद्यालयको हैसियतमा देशको उच्च शिक्षा विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने, सार्क क्षेत्रलगायत विश्वका विभिन्न विश्वविद्यालयहरूसँग सम्बन्ध विस्तार, विकास र सुदृढीकरण गर्ने, उत्पादन, रोजगार, उद्यम तथा व्यवसायमूलक शैक्षिक कार्यक्रममा विशेष जोड दिई अगाडि बढाउने लगायतका नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो ।

उहाँले चिकित्साशास्त्र अध्ययन संस्थानलाई थप स्वायत्तता दिने सम्बन्धमा अध्ययन संस्थानका डीनसँग स्वायत्तता सम्बन्धी प्रस्तावना माग गरी आवश्यक नीतिगत निर्णयका लागि कार्तिक मसान्तभित्र प्रस्ताव पेश गर्न डीनलाई निर्देशन दिइसकेको बताउनुभयो ।

उपकुलपति प्रा.डा. महर्जनले अध्ययन अध्यापनका लागि आवश्यक न्यूनतम पूर्वाधार र शैक्षिक सुविधाहरूको विस्तार र प्राध्यापकहरूका लागि यथोचित पारिश्रमिकको व्यवस्थापन चुनौतिको विषय बनिरहेको भन्दै यी विषयहरूलाई पनि सम्बोधन गर्दै लगिने जानकारी गराउनुभयो ।

*(उपकुलपतिको मन्तव्यको पूर्णपाठ पृष्ठ ६ मा हेर्नुहोला)*

बैठकमा रजिस्ट्रार प्रा.डा. चन्द्रमणि पौडेलले सभासमक्ष आर्थिक वर्ष २०७१/०७२ को त्रिविको बजेट वक्तव्य प्रस्तुत गर्नुभएको थियो *(बजेट वक्तव्यको पूर्णपाठ पृष्ठ १० मा हेर्नुहोला)*भने त्रिविका निमित्त शिक्षाध्यक्ष प्रा.डा. चिन्तामणि पोखरेलले आ.व. २०७०/७१ को प्रगति समीक्षा र त्रिविको ५ वर्षीय रणनीतिक योजनाको संक्षिप्त विवरण पेश गर्नुभएको थियो । *(रणनीतिक विवरण पृष्ठ ९ मा हेर्नुहोला)*

सभामा प्रस्तुत बजेट एवं ५ वर्षीय रणनीतिक योजनाको सन्दर्भमा त्रिवि सभाका सदस्यहरू प्रा.डा. व्रतराज आचार्य, योगेन्द्र नारायण बडवरिया, कुवेर केसी, डा. ईश्वर गौतम, प्रा.डा नरेन्द्रकुमार चौधरी, रामेश्वर उपाध्याय, प्रा.डा राकेश श्रीवास्तव, शम्भुप्रसाद गुप्ता एवं हिमाल शर्माले धारणा राख्नु भएको थियो ।

साथै सभाले कार्यकारी परिषद्को सदस्यका लागी मोहनविक्रम ज्ञवाली र प्रकाशमान श्रेष्ठलाई अनुमोदन समेत गरेको छ ।

## कर्मचारी संघद्वारा चियापान आयोजना

काठमाडौं, असोज ३१ गते । त्रिभुवन विश्वविद्यालय कर्मचारी संघले सम्पूर्ण राष्ट्रिय पर्वहरूको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न गरेको छ ।

पद्मकन्या क्याम्पस बागबजारमा आयोजित उक्त कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै त्रिविका उपकुलपति प्रा.डा हिराबहादुर महर्जनले त्रिविका सम्पूर्ण कर्मचारीको पेशागत सुरक्षा एवं सरुवा बढुवाको निश्चित मापदण्ड बनाएर अघि बढ्ने बताउनुभयो ।

यसैगरी त्रिवि कर्मचारी संघका केन्द्रीय सभापति कुबेर केसीले त्रिवि कर्मचारीका सवालमा पदाधिकारीहरू संवेदनशील हुनुपर्ने बताउनुभयो ।

शिक्षाध्यक्ष प्रा.गुणनिधि न्यौपाने र रजिस्ट्रार प्रा.डा. चन्द्रमणि पौडेल विशिष्ट अतिथिको रूपमा उपस्थित उक्त शुभकामना कार्यक्रममा कर्मचारी संघका विशिष्ट उपाध्यक्ष दीपक तिवारी, निवर्तमान सभापति भोजकुमार बस्नेत, त्रिवि प्राध्यापक संघका सभापति योगेन्द्रनारायण बडवरियालगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

# त्रिवि सभाको विशेष बैठकद्वारा ५२ औं ग्रेसलिस्ट पारित

काठमाडौं, साउन ३० गते । त्रिभुवन विश्वविद्यालयको सभाको विशेष बैठक ५२ औं ग्रेसलिस्ट पारित गरी सम्पन्न भएको छ ।

ग्रेसलिस्टमा २०७० जेठ ३० देखि २०७१ जेठ १६ गते (१३ जुन २०१३ देखि २० मे २०१४) सम्ममा ट्रान्सक्रिप्ट लिई सकेका कुल ५३ हजार १ सय ७८ विद्यार्थीको नाम समाविष्ट छ ।

ती विद्यार्थीहरूमध्ये मानविकी तथा सामाजिकशास्त्र संकायका १० हजार ९७९, कानुन संकाय अन्तर्गत ४८०, व्यवस्थापन संकायका १४ हजार ५०३, शिक्षाशास्त्र संकायका २० हजार २६१, विज्ञान तथा प्रविधि अध्ययन संस्थानका ३ हजार ६१२, कृषि तथा पशु विज्ञान अध्ययन संस्थानका २६०, वन विज्ञान अध्ययन संस्थानका १२५, इन्जिनियरिङ्ग अध्ययन संस्थानका १ हजार ८३६, चिकित्साशास्त्र अध्ययन संस्थानका १ हजार ५७ स्नातक र स्नातकोत्तर र एम.फिल. तह उत्तीर्ण गरेका र विभिन्न संकाय एवं अध्ययन संस्थानबाट विद्यावारिधि तह उत्तीर्ण गरेका ६५ जनाको नाम रहेका छन् ।

ती विद्यार्थीहरूका लागि आगामी पुसमा दीक्षान्त समारोह आयोजना गरिने जानकारी पनि बैठकमा दिइएको थियो । विशेष सभालाई सम्बोधन गर्दै शिक्षामन्त्री एवं त्रिविका सहकुलपति चित्रलेखा यादवले त्रिविले प्रतिस्पर्धी, प्राविधिक, सिर्जनशील एवं अनुसन्धानमूलक शैक्षिक कार्यक्रम प्रस्तुत गर्दै देशका युवाहरूलाई आकर्षित गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

आजका युवाहरूले विश्वभरका शैक्षिक गतिविधिलाई तुलनात्मक अध्ययन गरी आफ्नो चाहना अनुसारका विषय छनोट गर्ने पूर्ण स्वतन्त्रता प्राप्त गरिसकेको भन्दै उहाँले विश्वविद्यालयले परिवर्तित समयअनुकूलका कार्यक्रमलाई विशेष प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

मन्त्री यादवले त्रिविले उच्चशिक्षा र प्राज्ञिक उन्नयनको गहन जिम्मेवारी बोकेकाले अपेक्षा गरिएका सम्पूर्ण विषयवस्तुहरूप्रति आफू अत्यन्तै सकारात्मक रही पूर्ण सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

त्रिविका उपकुलपति प्रा.डा. हिराबहादुर महर्जनले त्रिविको शैक्षिक उन्नयनको लागि परिमार्जित पाठ्यक्रम अनुसार अध्ययन - अध्यापन भइरहेको र शैक्षिक गुणस्तर कार्यक्रम गरी अन्तर्राष्ट्रिय मान्यता ग्रहण गर्दै प्रतिस्पर्धी बन्नका लागि केन्द्रीय विभागहरूमा सेमेस्टर प्रणालीको आरम्भ गरिएको बताउनुभयो ।



**शिक्षामन्त्री एवं त्रिविका सहकुलपति चित्रलेखा यादव त्रिवि सभाको विशेष बैठकले पारित गरेको ५२औं ग्रेसलिस्टमा हस्ताक्षर गर्नुहुँदै ।** (तस्वीर: त्रिवि सूचना शाखा)

सरकारले त्रिविलाई केन्द्रीय विश्वविद्यालयको रूपमा सैद्धान्तिक मान्यता प्रदान गरिसकेकोले यसलाई त्यसअनुरूप विकास गर्न केन्द्रीय विश्वविद्यालयको अवधारणा, स्वरूप तथा काम, कर्तव्य र अधिकार सहितको मस्यौदा तयार पारी प्रस्तुत गर्ने काम अघि बढिरहेको जानकारी गराउनु भयो ।

उपकुलपति प्रा.डा. महर्जनले शिक्षामन्त्री समक्ष त्रिवि देशका अन्य विश्वविद्यालयहरूसँग सद्भाव एवं सदासयताका साथ काम गर्न चाहेको स्पष्ट पार्नुभयो ।

साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नै उत्कृष्टताको मान्यता प्राप्त गर्न नेपाल सरकार स्वयंले उच्च तहको

**(बाँकी पृष्ठ ४ मा)**

# गणतन्त्र नेपालको परराष्ट्र नीति विषयक विचार गोष्ठी सम्पन्न

काठमाडौँ, साउन २७ गते । नेपाल प्राध्यापक संघले आफ्नो ५२औं वार्षिक दिवसको उपलक्ष्यमा 'गणतन्त्र नेपालको परराष्ट्र नीति' शीर्षकमा एक दिने विचार गोष्ठी सम्पन्न गऱ्यो ।

उक्त विचारगोष्ठीको उद्घाटन गर्दै परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले आर्थिक समृद्धि सहितको परराष्ट्र नीति मुलुकको आवश्यकता रहेको औंल्याउनुभयो ।

पछिल्लो समयमा परराष्ट्रनीतिको मुख्य उद्देश्य मुलुकको आर्थिक, सामाजिक विकास रहेको भन्दै उहाँले देशलाई स्वाधीन बनाउन आर्थिक रूपमा परिपक्व बन्दै जानुपर्ने बताउनुभयो ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण प्रश्चात देशमा नयाँ परराष्ट्र नीतिको आवश्यकता महसुस भएको भन्दै उहाँले देशको स्वाधीनता, राष्ट्रिय अखण्डता र सार्वभौमिकताको संरक्षण गर्दै आर्थिक समुन्नति प्राप्त गरी सबै मुलुकसँग हितैषी सम्बन्ध स्थापना गर्ने नीतिका बारेमा छलफल गर्न प्रबुद्ध वर्गलाई हार्दिक अनुरोध गर्नुभएको थियो।

यसैगरी पूर्वपरराष्ट्रमन्त्री उपेन्द्र यादवले मुलुकले अंगिकार गर्दै आएको असंलग्न परराष्ट्र नीति र पञ्चशीलमा आधारित सम्बन्ध वैज्ञानिक एवं उपयुक्त भए पनि अब यसलाई थप परिमार्जन गर्दै समायानुकूल बनाउनुपर्ने अवधारणा व्यक्त गर्नुभयो ।

राजदूतहरू व्यक्तिगत एवं पार्टीगत स्वार्थमा लागेकाले देशको अपेक्षाकृत विकास हुन नसकेको भन्दै उहाँले सक्षम एवं सम्बन्धित विषयमा विज्ञ व्यक्तिलाई राजदूत जस्तो गरिमामय पदमा नियुक्त गर्न सरकारलाई आग्रह गर्नुभयो ।

यसैगरी पूर्व परराष्ट्रमन्त्री सुजाता कोइरालाले देशमा स्पष्ट संविधान निर्माण हुन नसक्दा कस्तो प्रकारको परराष्ट्र नीति अवलम्बन गर्ने भन्ने विषयमा द्विविधा उत्पन्न भइरहेको भन्दै राष्ट्रिय हितको जगेर्ना गर्ने नीति निर्माण गर्नुपर्ने बताउनुभयो ।

परराष्ट्र मामिलाका जानकार, विद्वान्, प्राध्यापक, पूर्व राजदूतहरूको सहभागिता रहेको उक्त कार्यक्रममा प्रा.डा. जयराज आचार्य, प्रा.डा. श्रीधर गौतम र प्रा. सोमप्रसाद गौचनले कार्यपत्र प्रस्तुत गर्दै नेपाल र छिमेकी मुलुकसँगको सम्बन्धको बारेमा धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल प्राध्यापक संघका अध्यक्ष रामेश्वर उपाध्यायले कार्यक्रममा छलफल गरिएको विषय र सुझावहरू परराष्ट्र मन्त्रालय समक्ष बुझाइने बताउनु भयो ।

वार्षिकोत्सव अवसरमा संघले साउन महिनाको २७, २८, २९ र ३० गते विभिन्न कार्यक्रम आयोजना गरेको थियो।

### त्रिवि सभाको विशेष.....

गुणस्तर प्रमाणीकरण परिषद् (Quality Accreditation Council) को व्यवस्था गर्न समेत शिक्षामन्त्री समक्ष आग्रह गर्नुभएको थियो ।

बैठकमा शिक्षाध्यक्ष प्रा. गुणनिधि न्यौपानेले कृतज्ञता ज्ञापन गर्नुभएको थियो । रजिस्ट्रार प्रा.डा. चन्द्रमणि पौडेलले ५२ औं ग्रेसलिस्टको संक्षिप्त विवरण प्रस्तुत गर्नुभएको थियो । साथै उहाँले सम्पूर्ण संकाय एवं अध्ययन संस्थानका डीनहरूले ग्रेसलिस्टमा समाविष्ट विद्यार्थीहरूलाई सम्बन्धित उपाधि प्रदान गर्न सभाको अनुमति होस् भनी निवेदन गर्नुभएको थियो ।

# शोकसभा

काठमाडौँ । त्रिवि केन्द्रीय कार्यालय, योजना महाशाखामा शाखा अधिकृत पदमा कार्यरत नारायणभक्त प्रधानाङ्गको २०७१ असोज १३ गते निधन भएको छ ।

२०१५ साल कार्तिक १७ गते काठमाडौँमा जन्मनु भएका उहाँका श्रीमती, एक छोरा र एक छोरी हुनुहुन्छ ।

त्रिवि केन्द्रीय कार्यालयले असोज २८ गते शोकसभा आयोजना गरी दिवंगत आत्माको चिर शान्तिको कामना गर्नुका साथै शोकाकुल परिवार प्रति समवेदना प्रकट गरेको छ । उहाँको निधनमा शोक मनाउन असोज २९ गते केन्द्रीय कार्यालय बन्द गरिएको थियो ।

# राजीनामा स्वीकृत

**त्रिभुवन विश्वविद्यालयले विभिन्न पदमा रही सेवा गर्दै आउनु भएका निम्न महानुभावहरूको राजीनामा स्वीकृत गरेको छः**

| राजीनामा दिनेको नाम | पद | सेवारत निकाय | राजीनामा लागु मिति | पत्र मिति |
|---|---|---|---|---|
| डा. श्रीकान्त अधिकारी | प्राध्यापक | माईक्रोवायोलोजी के.विभाग,कीर्तिपुर | २०७०।८।१ | २०७१।५।२६ |
| श्री विमला भण्डारी | उप प्राध्यापक | नसिङ्ग क्याम्पस, बीरगञ्ज | २०७०।११।१ | २०७१।४।२२ |
| श्री उत्तरा बज्राचार्य | उप प्राध्यापक | शिक्षा विकास तथा अ.केन्द्र, बल्खु | २०७०।१२।१ | २०७१।४।२२ |
| श्री तारा राई | उप प्राध्यापक | त्रिचन्द्र बहुमुखी क्याम्पस,घन्टाघर | २०७१।१।२ | २०७१।४।३० |
| श्री विमला बस्नेत | कार्यालय सहयोगी | त्रि.वि. छापाखाना,कीर्तिपुर | २०७१।३।३१ | २०७१।६।१ |
| श्री कमला अधिकारी | उप प्राध्यापक | पद्मकन्या ब.क्याम्पस, बागबजार | २०७१।४।१ | २०७१।६।२३ |
| श्री जगदीश्वरप्रसाद कायस्थ | सह प्रशासक | व्यावहारिक वि.तथा प्र.अ.केन्द्र, कीर्तिपुर | २०७१।४।३ | २०७१।३।१६ |

# त्रिवि सभामा सहकुलपति चित्रलेखा यादवको सम्बोधनको पूर्णपाठ

**त्रिभुवन विश्वविद्यालयका उपकुलपतिज्यू, निमित्त शिक्षाध्यक्षज्यू, रजिष्ट्रारज्यू एवं प्राध्यापकज्यूहरू, सम्पूर्ण विद्वान सभासदज्यूहरू,**

सर्वप्रथम त्रिभुवन विश्वविद्यालयको विश्वविद्यालय सभामा सहकुलपतिको हैसियतबाट आज सम्बोधन गर्न पाउँदा मैले अत्यन्तै गौरवान्वित महशुस गरेको छु । उच्च शिक्षा उच्च तहको जनशक्ति विकासका लागि जिम्मेवार हुन्छ । मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक विकासका लागि योग्य, दक्ष, सक्षम जनशक्ति विकास गर्ने प्रमुख भूमिकामा विश्वविद्यालय रहन्छन् । त्रिभुवन विश्वविद्यालय देशको पुरानो, ठूलो र धेरै जनशक्ति तयार गर्ने सरकारी अनुदानमा संचालित विश्वविद्यालयको भूमिमा अत्यन्तै महत्त्वपूर्ण हुने कुरा सर्वविदितै छ ।

यस महत्त्वपूर्ण अवसरमा नेपाल सरकारले नेपाललाई सन् २०२२ भित्र अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्र स्तरोन्नति गर्ने अभिष्टका साथ अगाडि बढिरहेको सन्दर्भमा उठाउन सान्दर्भिक ठानेको छु । यसका लागि सबै नेपालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गरी सक्षम, उत्पादनशील र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने क्रममा विश्वविद्यालयको भूमिका महत्त्वपूर्ण हुने कुरा यहाँहरू सबैलाई अवगत भएकै विषय हो । यसमा त्रिभुवन विश्वविद्यालयको भूमिका अझ महत्त्वपूर्ण छ । लक्षित उपलब्धी हासिल गर्ने र गुणस्तरीय जनशक्ति उत्पादनका लागि पाठ्यक्रममा सुधार, अनुसन्धानमा आधारित शिक्षण सिकाइ क्रियाकलाप संचालन, परीक्षा प्रणालीमा सुधार, गुणस्तर नियन्त्रण संयन्त्र विकास, व्यवस्थित अनुगमन पद्धतिको कार्यान्वयन तथा पेशागत विकास जस्ता पक्षहरूमा विश्वविद्यालयले विशेष ध्यान दिनु पर्छ ।

त्रिभुवन विश्वविद्यालयले उच्चजनशक्ति उत्पादनमा उल्लेख्य भूमिका निर्वाह गरी रहेको वास्तविकता यस गरिमामय सभामा उल्लेख गर्नु सान्दर्भिक ठानेको छु । यसो भएता पनि त्रिभुवन विश्वविद्यालयका सम्बन्धमा चुनौतिहरू पनि प्रशस्त मात्रामा छन् । यसतर्फ पनि विश्वविद्यालय व्यवस्थापन चनाखो भई समाधानतर्फ लाग्नु पर्दछ । हुनत मुलुकको राजनैतिक संक्रमणको अवस्था देखाउने र हरेक चुनौतिबाट उम्कने प्रयास हामी कहाँ नभएको पनि होइन । तर चुनौतिले अवसर पनि सिर्जना गर्छ र विकासलाई अग्रता प्रदान गर्छ भन्ने कुरा सबैले बुझी तिनको समयमा नै उचित व्यवस्थापन गर्ने कार्यमा विश्वविद्यालय व्यवस्थापन पछि हट्नु हुँदैन भन्ने मेरो स्पष्ट बुझाइ रहेको कुरा यहाँ उल्लेख गर्न चाहन्छु । यसका लागि हाम्रो आन्तरिक कार्यप्रणालीमा सुधार पनि अत्यन्तै जरुरी छ ।

संसारभर उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालयहरूले आर्थिक तथा प्राज्ञिक व्यवस्थापनमा स्वायत्त रहने अभ्यास रहेको छ । यसबाट विश्वविद्यालयहरू आर्थिक रूपमा स्वयं सक्षम भई गुणस्तरीय शैक्षिक गतिविधिहरू संचालन गर्ने गरेको अनुभव विश्वमा पाइन्छ । यस पक्षमा हाम्रविश्वविद्यालय प्राज्ञिक तथा व्यवस्थापकीय रूपमा स्वायत्त भएता पनि आर्थिक स्रोतको आन्तरिक परिचालन गरी गुणस्तरीय शैक्षिक गतिविधि संचलनतर्फ यथेष्ट ध्यान दिन सकेको छैन भन्ने आम बुझाइ रहेको छ । सरकारले प्रदान गर्ने अनुदानमा भर पर्ने अवस्थाबाट उन्मुक्त नहुँदासम्म विश्वविद्यालयले गुणस्तरमुखी क्रियाकलाप संचालनमा स्तरीय कायम गर्न सक्दैन । अत: विश्वविद्यालयले आन्तरिक स्रोतको उच्चतम परिचालनतर्फ विशेष प्राथमिकता दिनु पर्नेतर्फ यस सम्मानीत सभामा ध्यान आकृष्ट गर्न चाहन्छु।

हाम्रो गर्वको विषय हो, त्रिभुवन विश्वविद्यालय मुलुकको जेठो, ठूलो विश्वविद्यालय हुने शौभाग्य प्राप्त गरेको छ । यस अर्थमा पनि त्रिभुवन विश्वविद्यालयका गतिविधिहरू अन्य विश्वविद्यालयहरूका लागि अनुकरणीय हुन पर्दछ । तर मेरो विद्यार्थी जीवनको अनुभव, प्राध्यापन कार्यमा संलग्न भएको अनुभव र राजनीतिक जीवनबाट हासिल गरेको अनुभवसमेतका आधारमा मुलुकको यस जेठो विश्वविद्यालयले विशेषत : निम्न पक्षहरूमा ध्यान दिन जरुरी देखेको छु :

- प्रतिस्पर्धी विद्यार्थी तयारी गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउन ।
- शैक्षिक क्यालेण्डरमा आधारित भई शैक्षिक कार्यक्रम संचालन गर्न ।
- अनुसन्धानमा आधारित भई शैक्षिक कार्यक्रम संचालन गर्न ।
- आफ्ना आंगिक क्याम्पसहरूलाई स्वायत्त संस्थाका रूपमा विकसित हुने अवसर प्रदान गर्न ।
- उच्च शिक्षा संचालन गर्ने कलेजहरूलाई नक्शाङ्कनका आधारमा पुर्नर व्यवस्थित गर्न ।
- आन्तरिक स्रोतको प्राज्ञिक उन्नयनमा उच्चतम परिचालन गर्न ।
- जवाफदेहिता संयन्त्र विकास गरी जवाफदेहितामा आधारित शैक्षिक तथा प्राज्ञिक व्यवस्थापन गर्न ।
- योग्य तर उच्च शिक्षाको अवसरबाट वञ्चित विपन्न वर्गका विद्यार्थीहरूलाई सहयोग गर्न ।
- स्वदेशमा उच्च गुणस्तरीय शैक्षिक अवसर उपलब्ध गराई उच्च शिक्षाका लागि विदेश जाने अवस्थामा न्यूनीकरण गर्न ।
- आंगिङ्क कलेजहरूको शैक्षिक तथा अन्य व्यवस्थापकीय पक्षको निरन्तर अनुगमन, पृष्ठपोषण तथा मूल्यांकन कार्यलाई व्यवस्थित गर्न ।
- विश्वविद्यालय प्रशासन नैतिक रूपमा शैक्षिक, प्राज्ञिक विकासको जिम्मेवारी बहन गर्न ।
- विश्वविद्यालयका प्राध्यापकहरूलाई नियमित रूपमा शिक्षण सिकाइ क्रियाकलाप तथा अनुसन्धानमा सरिक हुने वातावरण सिर्जना गर्न ।
- विश्वविद्यालयका प्राध्यापकहरू अधिकांश उच्च माध्यामिक विद्यालयका संस्थापक, व्यवस्थापक र प्राध्यापक हुँदा विश्वविद्यालयको मान मर्यादामा कमी आएको अवस्थामा न्यूनीकरण गर्न ।
- उच्च शिक्षा ज्ञानको सिर्जना र रोजगारीको अवस्था सिर्जना गर्ने कार्यमा केन्द्रित हुन ।
- आर्थिक स्वायत्तता, आर्थिक पारदर्शिता तथा आर्थिक क्रियाकलाप प्रतिको जवाफदेहिता कायम गर्न ।

मलाई आशा छ, यो सभाले यी विषय क्षेत्रहरूमा पनि विशेष ध्यान दिई सुधार कार्यक्रमहरू संचालनमा प्राथमिकता दिनेछ । अन्त्यमा विश्वविद्यालयको उत्तरोतर प्रगतिको कामना गर्दछु ।

# त्रिवि सभामा उपकुलपति प्रा.डा. हिराबहादुर महर्जनको स्वागत मन्तव्यको पूर्णपाठ

**माननीय शिक्षामन्त्री, त्रिभुवन विश्वविद्यालयका सहकुलपति तथा त्रिभुवन विश्वविद्यालय सभाका उपाध्यक्ष चित्रलेखा यादवज्यू, नि.शिक्षाध्यक्षज्यू एवं रजिष्ट्रारज्यू, त्रिभुवन विश्वविद्यालय सभाका सम्पूर्ण विद्वान् सभासद्ज्यूहरू, पत्रकार मित्रहरू एवं उपस्थित सम्पूर्ण महानुभावहरू,**

सर्वप्रथम त्रिभुवन विश्वविद्यालय सभाको यस गरिमामय साधारण बैठकमा आफ्नो अत्यन्त व्यस्तताका बावजुद अमूल्य समय प्रदान गरेर अध्यक्षता गरिरहनु भएका माननीय शिक्षामन्त्री, त्रिभुवन विश्वविद्यालय सभाका सहकुलपति तथा त्रिभुवन विश्वविद्यालय सभाका उपाध्यक्ष चित्रलेखा यादवज्यू, नि.शिक्षाध्यक्षज्यू, रजिष्ट्रारज्यू एवं सम्पूर्ण विद्वान सभासदज्यूहरू, पत्रकार मित्रहरू एवं उपस्थित सम्पूर्ण महानुभावहरूमा उपकुलपतिको हैसियतले त्रिभुवन विश्वविद्या( लयको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दछु ।

त्रिभुवन विश्वविद्यालय सभाको आज सम्पन्न हुन गइ रहेको महत्वपूर्ण साधारण बैठकमा विश्वविद्यालयद्वारा गत वर्षहरूमा घोषित नीति, योजना तथा कार्यक्रमहरूबाट प्राप्त उपलब्धिहरू तथा सीमाहरूलाई मध्यनजर गरी तयार पारिएको आर्थिक वर्ष २०७१/०७२ को प्रस्तावित नीति तथा कार्यक्रम, आ.ब. २०७१/०७२ को प्रस्तावित बजेट, त्रि.वि.को आ.ब.२०७०/०७१ को ५४ औं वार्षिक प्रतिवेदन, गत वर्षको आर्थिक प्रतिवेदन तथा प्रगति विवरण र त्रि.वि.को पञ्च वर्षीय रणनीतिक योजना छलफलका लागि प्रस्तुत गरिनेछ। सभासदज्यूहरूलाई बैठकका विषयहरूमा स्पष्ट जानकारीका लागि आवश्यक अध्ययन सामग्रीहरू विश्वविद्यालयको तर्फबाट समयमै उपलब्ध गराएकोले छलफल रचनात्मक बन्ने कुरामा विश्वस्त छु । बैठकका सम्पूर्ण विषयहरूको पूर्ण रूप निमित्त शिक्षाध्यक्ष एवं रजिष्ट्रारज्यूद्वारा यस गरिमामय सभामा छलफलका लागि प्रस्तुत गर्नु हुनेछ ।

यी विषयहरूका अतिरिक्त सम्माननीय प्रधानमन्त्री एवं त्रि.वि.का कुलपति श्री सुशील कोइरालाज्यूले चिकित्साशास्त्र अध्ययन संस्थानलाई थप स्वायत्तता दिने सम्बन्धमा अध्ययन संस्थानका डीनज्यूसँग स्वायत्तता सम्बन्धी प्रस्ताव माग गरी उक्त प्रस्ताव त्रि.वि.साधारण बैठकमा पेश गर्न निर्देशन भइ आएको सन्दर्भमा आवश्यक नीतिगत निर्णयका लागि सम्बन्धित डीनज्यूलाई आगामी कार्तिक मसान्तभित्र प्रस्ताव पेश गर्न निर्देशन दिइएको अवस्था भएकोले सो विषय आजको बैठकमा प्रस्तुत नगरिएको अवस्था आदरणीय सभासदज्यूहरूलाई जानकारी गराउँदछु । डीनज्यूबाट प्राप्त हुने प्रस्तावउपर आवश्यक छलफल गरी आवश्यक नीतिगत निर्णय र नियममा व्यवस्था गर्ने गरी आगामी त्रि.वि.सभाको साधारण बैठकमा प्रस्ताव पेश गरिने जानकारी गराउँदछु । साथै मौजुदा क्याम्पस स्व.वि.यू. को समयावधि समाप्त भइसकेको हुनाले सम्बन्धित पक्षसँग परामर्श गरी क्याम्पस स्व.वि.यू. को निर्वाचन गराइनेछ ।

**बैठकका अध्यक्ष माननीय सहकुलपतिज्यू एवं विद्वान् सभासद् ज्यूहरू,**

आज यहाँहरू समक्ष प्रस्तुत हुने नीति, योजना तथा कार्यक्रमहरू मूलतः त्रिभुवन विश्वविद्यालयको समग्र रूपान्तरण र विकासमा केन्द्रित गरी तयार पारिएको छ । यी नीति तथा कार्यक्रमहरू सभासदज्यूहरूले विभिन्न समयमा औपचारिक तथा अनौपचारिक रूपमा उठाउनु भएका सवालहरू, सरोकारवालाहरूको चाहना एवं उच्चशिक्षामा आएको परिवर्तन र त्रि.वि.ले सोही अनुसार आफूलाई रूपान्तरण र विकास गर्नुपर्ने आवश्यकता अनुसार यी नीति तथा कार्यक्रम तय गरी सम्मानित सभामा पेश गरिएको पनि जानकारी गराउँदछु । नीति तथा कार्यक्रमले लिएका लक्षित विषय वस्तुहरूको संक्षिप्त रुप बुँदागत रूपमा यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

- विश्वविद्यालयलाई अनुसन्धानमूलक उत्कृष्ट शैक्षिक केन्द्र को रूपमा योजनाबद्ध विकास गर्ने ।
- केन्द्रीय विश्वविद्यालयको हैसियतमा देशको उच्च शिक्षा विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- सार्क क्षेत्र लगायत विश्वका विभिन्न विश्वविद्यालयहरूसँग सम्बन्ध विस्तार, विकास र सुदृढीकरण गर्ने ।
- उत्पादन, रोजगार, उद्यम तथा व्यवसायमूलक शैक्षिक कार्यक्रम संचालनमा जोड दिने ।
- हाल विश्वविद्यालय क्याम्पस, कीर्तिपुरमा स्नातकोत्तर तहमा लागू गरिएको सेमेष्टर प्रणाली सबै क्याम्पसहरूको स्नातकोत्तर कार्यक्रमहरूमा क्रमशः लागू गर्ने ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गरी देशभित्र र बाहिरका विद्यार्थीहरूको त्रि.वि.शिक्षामा आकर्षण बढाउने ।
- शैक्षिक क्यालेण्डर प्रभावकारी कार्यान्वयनबाट परीक्षा, भर्ना र पठन-पाठनलाई सुधार एंव सुदृढीकरण गर्ने ।
- शिक्षा, स्वास्थ्य, कृषि, विज्ञान, प्रविधि, जलवायु परिवर्तनलगायत आर्थिक सामाजिक क्षेत्रमा आवश्यक पर्ने नीतिगत अनुसन्धान कार्यका लागि सरकार, दातृ निकाय र अन्य विश्वविद्यालय तथा संस्थाहरूसँग सहकार्य गर्ने ।

- प्राज्ञिक मान्यता एवं बौद्धिक सम्पत्तिको सुरक्षा सुनिश्चितता गर्ने ।
- विश्वविद्यालयको व्यवस्थापन पक्षलाई चुस्त, दुरुस्त, छिटो, छरितो, पारदर्शी तथा मितव्ययी बनाउने ।
- उच्च शिक्षामा लागत साझेदारीका आधारमा निजी, सार्वजनिक क्षेत्रसँगको सहकार्यमा जोड दिने ।
- खुल्ला तथा दूर शिक्षाका कार्यक्रममार्फत नियमित कक्षामा उपस्थित हुन नसक्ने विद्यार्थीहरूको उच्चशिक्षामा पहुँच सुनिश्चित गर्ने ।
- विश्वविद्यालयको सेवालाई जवाफदेही, जिम्मेवारी र दायित्व बहन गर्ने किसिमले बढीभन्दा बढी उत्पादनशील बनाउन सांगठनिक संरचना, कार्यप्रणाली र नीति निर्देशिका परिमार्जन गरी समय सापेक्ष बनाउने ।
- सम्बन्धन, अनुगमन तथा मूल्याङ्कन प्रकृयालाई व्यवस्थित गर्ने ।
- क्याम्पस व्यवस्थापनलाई विकेन्द्रीकरण तथा स्वायत्त बनाउन नीतिगत सुधार गर्ने ।
- एकल खाता प्रणालीको प्रवर्धन गर्ने ।
- विश्वविद्यालयमा सुन्य बेरुजुको स्थिति सृजना गर्ने ।
- विश्वविद्यालयको भौतिक सम्पतिको संरक्षण संबर्धनमा जो डदिने ।
- चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत महाराजगंज क्याम्पसको केही कार्यक्रमहरू विस्तारको रूपमा कीर्तिपुर परिसरमा संचालन गर्ने ।
- चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगंज परिसरलाई चिकित्सा विज्ञानको उत्कृष्ट केन्द्रको रूपमा स्वायत्त एयकत Graduate Institute of Medical Sciences को रूपमा विकास गर्ने ।
- केन्द्रीय पुस्तकालय तथा अन्य निकायहरूका पुस्तकालयहरूलाई सुविधा सम्पन्न बनाउन e-library विकासमा जोड दिने ।
- विश्वविद्यालयहरूका पुस्तकालयहरूलाई Networking गर्ने ।
- विश्वविद्यालयले दिँदै आएको उच्चशिक्षा सम्बन्धी सेवालाई देशका ७५ वटै जिल्लामा पुऱ्याउन र देशव्यापी रूपमा विश्वविद्यालयको संस्थागत संजाल निर्माण गर्न हालसम्म सम्वन्धन वा आंगिक क्याम्पस नभएको मनाङ जिल्लामा औषधिजन्य वनस्पति एवं कृषिसम्बन्धी अनुसन्धान केन्द्र स्थापना गर्न संभाव्यता अध्ययन गर्ने ।

**माननीय सहकुलपतिज्यू एवं विद्वान् सभासद्ज्यूहरू,**

त्रि.वि.का विभिन्न एकाईहरूलाई उत्कृष्टता केन्द्रको रूपमा विकास गर्ने, परीक्षा प्रणालीमा सुधार, सेमेष्टर प्रणाली र शिक्षण सिकाई विधिमा परिमार्जन, भौतिक अवस्थामा सुधार, नयाँ शैक्ष्कि कार्यक्रम, प्रशासनिक सुधार, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार तथा सहकार्य, शैक्षिक गुणस्तरमा सुधारलगायतका माथि उल्लेखित विषयहरूमा अपनाइएका रूपान्तरण र सुधारका कार्यक्रमहरू नीतिगत व्यवस्थाकै आधारमा अगाडि बढाउन लागिएको अनुरोध गर्न चाहन्छु । यसर्थ प्रस्तुत नीति, योजना र कार्यक्रममा प्राज्ञ सभासदज्यूहरूको सुझाव प्राप्त हुने विश्वास व्यक्त गर्दछु । त्रि.वि. र संसारका अन्य विश्वविद्यालयहरूसँगको सम्बन्ध र सहकार्यका आधारमा त्रि.वि.का कार्यक्रमहरूलाई समकालीन समाजको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता एवं स्तरअनुरूप बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय सम्बन्धलाई विस्तार गर्न विशेष पहल गरिएअनुरुपको केही सफलता प्राप्त भएका दृष्टान्तहरू यस सम्मानित सभामा उल्लेख गर्न सान्दर्भिक ठान्दछु । अन्तर्राष्ट्रिय सम्बन्ध तथा सहकार्यलाई निरन्तरता दिने क्रममा June 2013 देखि July 2014 सम्म त्रि.वि.अन्तर्गत कूल ४८० जना विदेशी विद्यार्थी तथा अनुसन्धानकर्ताहरू त्रि.वि.का विभिन्न एकाईहरूमा अध्ययन तथा अनुसन्धान कार्यमा संलग्न रहेका छन् । यस अवधिमा थप ६ विश्वविद्यालयसँग MoU भएको छ । यस्तै त्रि.वि.को अनुसन्धान कार्यलाई व्यवस्थित गर्न तथा अनुसन्धान कार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीलाई आकर्षण गर्न राष्ट्रिय आवश्यकताका आधारमा विश्वविद्यालयको अनुसन्धान प्राथमिकताका क्षेत्रहरू निर्धारण गरिएको जानकारीका लागि अनुरोध गर्दछु ।

**माननीय सहकुलपतिज्यू एवं विद्वान् सभासद्ज्यूहरू,**

विश्वविद्यालय क्याम्पस, कीर्तिपुरलाई उत्कृष्टताको केन्द्र बनाउने उद्देश्यले सेमेष्टर प्रणाली लागू गरिएको र प्रथम सेमेष्टरको परीक्षा सञ्चालन भैरहेको जानकारीका लागि अनुरोध गर्दछु । सेमेस्टर प्रणालीको प्रारम्भमा नै सकारात्मक पक्षहरू अनुभव भैरहेको छ र केही मुद्दाहरू पनि सतहमा आएका छन् । समयमा कक्षा सञ्चालन, समयमा पाठ्यांश पूरा गर्ने र परीक्षा लिने कार्य सेमेस्टर प्रणालीले अवलम्बन गरी सकेको छ । अध्ययन अध्यापनका लागि आवश्यक न्यूनतम पूर्वाधार र शैक्षिक सुविधाहरूको विस्तार र प्राध्यापकहरूका लागि यथोचित पारिश्रमिकको व्यवस्थापन चुनौतीको विषय अझैछ । यी मुद्दाहरूको पनि यथोचित सम्बोधन गरिदै लगिनेछ र सेमेष्टर प्रणालीलाई क्रमश अन्य क्याम्पसहरूमा विस्तार गरिनेछ । साथै संचालित वार्षिक प्रणालीका कार्यक्रमको गुणस्तर कायम गर्न पनि उत्तिकै तदारुकता कायम गरिने छ । प्रचलित अध्ययन अध्यापन विधिमा गुणात्मक सुधारका लागि प्राध्यापकहरूका लागि वृत्तिविकासका अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमको आवश्यकता मैले अनुभूत गरेको छु र यसको व्यवस्थापनमा सभासदज्यूहरूको विशेष सहयोग को अपेक्षा गरेको छु । अध्ययन अध्यापन र अनुसन्धानमा गुणस्तर कायम गर्न विद्यार्थी भर्नादेखि परीक्षाफल प्रकाशन

गर्ने कार्यलाई व्यवस्थित गर्नु विश्वविद्यालयको प्राथमिकता रहेको र यसमा क्रमशः प्रगति भैरहेको पनि छ । यसका लागि प्रवेश परीक्षा कक्ष संचालन, आन्तरिक मूल्यांकन र परीक्षा र परीक्षाफल प्रकाशन निर्धारित समयमै गर्ने व्यवस्था मिलाउन ब्यवस्थापन सुधारमा निरन्तर प्रयत्न गरिएको छ । त्रि.वि.को अध्ययन संस्थानहरूमा र संकायहरूमा प्रवेश परीक्षाको मेरिटका आधारमा विद्यार्थी भर्ना नीतिले शैक्षिक उपलब्धिमा उत्कृष्टता प्राप्त भएको कुरा सर्वविदितै छ । यसर्थ बाँकी सबै कार्यक्रमहरू र विषयहरूमा पनि यस प्रणाली क्रमशः लागू गरिनेछ ।

**माननीय सहकुलपतिज्यू एवं विद्वान् सभासदज्यूहरू,**

त्रि.वि. शिक्षण विश्वविद्यालय (Teaching University) भन्दा अनुसन्धानमुखी विश्वविद्यालय (Research University) बन्नु पर्ने र उच्च स्तरका वैज्ञानिक तथा प्रविधिज्ञहरू उत्पादन गर्ने कार्यमा ध्यान दिनु भन्ने नेपाल सरकारको पटक-पटकको निर्देशन अनुसार विश्वविद्यालयले शिक्षण सिकाईको प्रणालीमा सुधारको प्रयास थालनी गरेको र अनुसन्धानमुखी विश्वविद्यालय बन्नका लागि अन्तर्राष्ट्रिय अनुभव र अनुसन्धानका कार्यहरूमा संलग्नता बढाउँदै लैजानु पर्ने आवश्यकतालाई मध्यनजर गरी यस्ता कार्यहरू थालनी गर्ने क्रममा हाल Chinese Academy of Science (CAS) को संयुक्त लगानीमा उच्च कोटीको विज्ञान तथा प्रविधि केन्द्र स्थापना गर्न :यग सम्पन्न भै कार्य प्रारम्भ भएको छ । यस किसिमका अनुसन्धान र शिक्षाका कार्यक्रमहरूमा अन्तर्राष्ट्रिय सम्बन्धलाई बढाउने कार्यलाई अरु निरन्तरता दिइने छ । यसबाहेक अनुसन्धानको क्षमता र दायरालाई विस्तृत गर्न आवश्यक भौतिक संरचना निर्माण तथा विकासका क्रममा एग्रो बायोमेटेरियल रिसर्च ल्याव, तथा अन्य कार्यका लागि आवश्यक भौतिक संरचना व्यवस्था गर्न क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयहरू, डीनको कार्यालयहरू, संचय कोष, School of Mathematical Sciences लगायत भवनहरू निर्माणका लागि एत्त आव्हान गरी निर्माण प्रक्रिया प्रारम्भ गरिएको छ ।

कुनै पनि संस्थाको नीति, योजना तथा कार्यक्रमको सफल कार्यान्वयन गर्न प्रशासनिक तथा व्यवस्थापन दक्षता र प्रभ ावकारिताको महत्वपूर्ण भूमिका रहन्छ । यसरी नै त्रि.वि.ले लिएका नीति तथा कार्यक्रम लागू गर्न र विश्वविद्यालयलाई सबल र सक्षम बनाउन त्रि.वि.को वर्तमान प्रशासनिक तथा व्यवस्थापकीय अवस्थामा सुधार गर्नु पर्ने आवश्यकता देखि एको छ । सुधारका लागि हामी सबैले आवश्यक पर्ढा कठोर निर्णयहरू लिएरै भएपनि कार्यलाई अगाडि बढाउनु पर्ने हुन्छ । यसकार्यमा प्राज्ञ सभासदहरूको विशेष सहयोगको अपेक्षा पनि गरेको छु । विश्वविद्यालयको समग्र सुधारलाई ध्यानमा राखेर नियम, कार्य प्रणाली, कार्यविधि आदिमा गरिनु पर्ने आवश्यक संशोधन, सुधार तथा निर्माणका लागि सरोकारवाला पक्ष तथा विषय विशेषज्ञहरू संलग्न भएको कार्यटोलीहरूले आ-आफ्नो कार्य गरी रहेको अवस्था पनि जानकारीका लागि अनुरोध गर्दछु। त्यसबाट प्राप्त प्रतिवेदनको आधारमा आवश्यक संशोधन कार्य गरिनेछ । यस्तै अन्तर्राष्ट्रिय सम्बन्ध र समन्वयलाई थप विस्तार र सुदृढ गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै त्रि.वि.मा उपलब्ध स्रोत तथा साधनको यथोचित परिचालन गरी त्रि.वि.मा संचालित शैक्षिक प्राज्ञिक तथा अनुसन्धान कार्यलाई सबल र शसक्त बनाउने प्रतिबद्धता जाहेर गर्दछु र यस कार्यमा सदा जस्तै सबैको सकारात्मक सहयोगका लागि हार्दिक अनुरोध गर्दछु ।

**माननीय सहकुलपतिज्यू एवं विद्वान् सभासद्ज्यूहरू,**

विश्वविद्यालयले अघि सारेका नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि आर्थिक स्रोतको अपरिहार्यता हुन्छ । स्रोत साधन विनाको नीति तथा कार्यक्रम भ्रममा परिणत हुन्छ । यसर्थ त्रि.वि. आर्थिक ब्यवस्थापनको विशेष नीतिगत ब्यवस्थाको पक्षमा छ । त्रिभुवन विश्वविद्यालयले उच्चशिक्षाको सामाजिक दायित्व निर्वाह गर्नुपर्ने अनिवार्यता छ भने गुणस्तरीय कार्यक्रमका लागि आवश्यक पर्ने आर्थिक स्रोतको अभाव अर्कोतिर छ । तसर्थ नेपाल सरकारबाट विश्वविद्यालयलाई प्रदान गरिने बजेटमा नेपाल सरकार संवेदनशील भैदिनुपर्छ र स्पष्ट नीतिगत ब्यवस्था भएमा विश्वविद्यालयले आफ्नो आन्तरिक स्रोतको ब्यवस्था कति गर्नुपर्ने हो त्यो निर्क्यौल हुँदा सरकार र विश्वविद्यालय दुवै पक्षलाई ब्यवस्थापनमा सहजता हुनेछ । विश्वविद्यालयलाई सरकारले उपलब्ध गराउने रकम विश्वविद्यालयले तयार गरेको बजेटको कति अंश हुने हो त्यसको स्पष्ट ब्यवस्था भएमा त्रि.वि. र सरकारबीच बजेट प्राप्त गर्नकै लागि कहिले काही हुने अनपेक्षित किचलो पनि अन्त्य हुने थियो । यसतर्फ पनि विशेष ध्यान पुऱ्याई दिन माननीय शिक्षा मन्त्रीज्यूमार्फत नेपाल सरकारसमक्ष अनुरोध गर्दछु । आजको बैठकमा पेश हुने प्रस्तावित कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरी सफलता प्राप्त गर्नको लागि नेपाल सरकारबाट प्राप्त हुने सहयोग अनुदान आज प्रस्तुत हुने बजेटबमोजिम नै सहजै उपलब्ध हुने विश्वास लिएको छु ।

अन्त्यमा, आजको यस गरिमामय बैठकका अध्यक्ष माननीय शिक्षामन्त्री तथा त्रिभुवन विश्वविद्यालयका सहकुलपतिज्यू एवं सम्पूर्ण विद्वान् सभासद्ज्यूहरू, उपस्थित सम्पूर्ण महानुभावहरूलाई पुनः हार्दिक स्वागत अभिवादन गर्दछु साथै सम्पूर्ण महानुभावहरूमा नजिकै आउँदै गरेको विजयादशमी, दीपावली, नेपाल सम्वत्, नयाँ वर्ष, छठ, ल्होसार, इदलगायत सम्पूर्ण राष्ट्रिय पर्वहरूको पावन अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । धन्यवाद !

# त्रिवि सभामा निमित्त शिक्षाध्यक्ष प्रा.डा. चिन्तामणि पोखरेलद्वारा प्रस्तुत ५ वर्षे रणनीतिक योजनाको विवरण

**माननीय शिक्षा मन्त्री तथा सभाध्यक्षज्यू**
**उपकुलपतिज्यू**
**रजिष्ट्रारज्यू**
**विद्वान् सभासदज्यूहरू**

**त्रि.वि. को ५ वर्षे रणनीतिक योजनाको संक्षिप्त विवरण**

एक्काइसौं सताब्दिको यस समयमा शिक्षाको विकासले लिएको गतिको प्रभाव त्रि.वि. मा पनि प्रत्येक्ष एवं परोक्ष रूपमा परेको हामी सबैले महशुस गरेका छौं। खास गरी देश विदेशमा भएका सामाजिक, आर्थिक, राजनैतिक र प्राविधिक परिवर्तनका कारणले उच्च शिक्षाप्रति जनमानसको धारणामा पनि परिवर्तन भई समसामयिक र गुणस्तर उच्च शिक्षाको माग बढेको छ। सन् १९५९ मा स्थापित यस त्रिवि अर्न्तगत ६० वटा आंगिक र १०५३ सम्बन्धन प्राप्त क्याम्पसहरू संचालित छन । त्रि.वि. अन्तर्गत ५ अध्ययन संस्थान, ४ संकाय, ४ अनुसन्धान केन्द्रहरू संचालनमा रहेका छन् । त्रि.वि. विभिन्न ऐन, नियम तथा कार्यविधिहरू द्वारा संचालित भैरहेको कुरा सर्व विदितै छ। राष्ट्रिय अर्न्तराष्ट्रिय स्तरमा नै उच्च शिक्षामा आएको परिवर्तन र प्रभावका फलस्वरुप त्रि.वि.लाई रणनीतिक रुपवाट संचालन गर्नु पर्ने भएकाले यस पाँच वर्षे रणनीतिक योजना तयार गरिएको छ। यस रणनीतिक योजनाका मूल उद्देश्यहरू क्रमशः त्रि.वि.का अध्ययन संस्थान, संकाय, अनुसन्धान केन्द्र, प्रिन्सिपल कार्यालय र स्वायत्त क्याम्पसहरूको रणनीतिक योजनालाई एकीकृत रूपमा पाँच वर्षे रणनीति रूपमा तयार पार्ने, त्रि.वि.को एक मुष्ठ रूपमा SWOT विश्लेषण गर्ने उद्देश्य तथा रणनीति तय गर्ने र रणनीतिलाई कार्यान्वयन गर्ने प्रक्रिया सम्वन्धमा आवश्यक विधिलाई प्रकास पार्ने रहेका छन्। यस रणनीतिक योजनामा मूलतः निम्न विषयहरूलाई ध्यानमा राखिएको छ।

१) त्रि.वि.को स्वायत्ततालाई सबै पक्षबाट कदर गर्दै जानुपर्ने ।
२) त्रि.वि.को संरचना र सुशासनलाई थप मजबुत बनाउने ।
३) विद्यार्थी संख्यामा निरन्तर वृद्धि हुँदै गएकोले त्यसलाई व्यवस्थित वनाउने ।
४) संचालित कार्यक्रमहरू विस्तार हुँदै गएकोले तिनको गुणस्तरमा ध्यानदिनेर अनुसन्धान कार्यक्रमहरू प्रभावकारी बनाउने ।
५) वर्तमान पाठ्यक्रममा नियमित परिमार्जन गर्नुपर्ने र मूल्याङ्कन पद्धतिका आधारहरूमा थप सुधार गर्दै जानुपर्ने ।
६) शिक्षक तथा कर्मचारी प्रशासनलाई पेशागत तथा दक्षताको आधारमा चुस्त दुरुस्त बनाउँदै जानुपर्ने ।
७) पुस्तकालय र सामान्य सेवामा सुधार गर्नुपर्ने ।
८) विभिन्न निकायहरू बीच समन्वय र सहयोग विस्तार गर्नुपर्ने ।
९) उपलब्ध साधनर स्रोतको अधिकतम परिचालन गर्नुपर्ने ।
१०) बजेट र वित्तीय प्रणाली व्यवस्थापनमा थप सुधार गर्नुपर्ने ।
११) सम्पत्ति र सुविधा व्यवस्थापन गर्नुपर्ने ।
१२) संस्थागत संस्कृति सुदृढ बनाउनु पर्ने ।
१३) अनुगमन र मूल्याङ्कनका जिम्मेवारीलाई सुदृढ बनाउनु पर्ने ।
१४) अत्याधुनिक सूचना प्रविधि EMIS लाई विश्वविद्यालयमा व्यवस्थित गर्नु पर्ने ।
१५) परीक्षा प्रणालीमा सुधार गर्नुपर्ने ।

माथि उल्लेखित विषयहरूलाई सम्बोधन गर्न निम्न रणनीतिलाई कार्यान्वयनमा ल्याईनेछ :

**संरचनागत एवं सुशासन सम्वन्धी रणनीतिः**

त्रि.वि.ले नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग लगायतका निकायहरूसँग समन्वय गर्ने र भावी राष्ट्रिय उच्च शिक्षा नीतिसँग यसका उद्देश्य, प्रणाली र बिधिलाई समाहित गर्दै जानेछ । आफ्ना ऐन, नियम, कार्यबिधिलाई थप कार्यान्वयन गर्दै विकेन्द्रीकरण र स्वायत्तताको मर्मलाई आत्मसात गरी आपसमा विश्वासको वातावरण कायम गर्दै जाने ।

**नेतृत्व र व्यवस्थापनः**

नियुक्ति तथा पद्योन्नतिका सम्बन्धमा योग्यता र दक्षतालाई महत्व दिने, योजना र अनुगमन कार्यलाई सुदृढ् बनाउने, गुणस्तरीय प्राज्ञिक वातावरणका लागि अपरेशन क्यालेन्डर अफ व्यवस्थित रूपमा लागू गर्ने, पठन-पाठन तथा अनुसन्धानका लागि आधुनिक प्रविधिलाई प्रयोगमा ल्याइने छ। यसै गरी पाठ्यक्रमलाई समयको मागअनुसार परिमार्जन गर्दै राष्ट्रिय/अन्तर्राष्ट्रिय आवश्यकतानुसार नयाँ कार्यक्रमहरू विभिन्न संकाय एवं अध्ययन संस्थानमा थप गर्दै जाने छ। प्राथमिकताको आधारमा अनुसन्धानको कार्य बढाईनेछ । त्रि.वि. अर्न्तगतका विभाग, आंगिक क्याम्पसहरूको पठन-पाठन तथा क्षमता अभिवृद्धि गर्दै नयाँ नयाँ कार्यक्रम थपका लागि प्रोत्साहित गरिने छ।

**भौतिक पूर्वाधार तथा विकासः**

त्रि.वि. को स्वामित्वमा रहेका जग्गालाई एकीन गरी तिनको संरक्षण गर्ने र अहिलेको पूर्वाधारलाई पूर्ण रुपबाट प्रयोगमा

**(बाँकी पृष्ठमा २३ मा)**

# त्रिवि सभामा रजिस्ट्रार प्रा.डा. चन्द्रमणि पौडेलद्वारा प्रस्तुत त्रिविको आ.व. २०७१/०७२ को बजेटको पूर्णपाठ

**माननीय शिक्षामन्त्री एवं सह कुलपतिज्यू**
**उपकुलपतिज्यू,**
**नि. शिक्षाध्यक्षज्यू, तथा विद्वान् सभासदज्यूहरू,**

त्रिभुवन विश्वविद्यालयले आफ्नो स्थापना कालदेखि नै देशको सर्वाङ्गीण विकासको लागि आवश्यक गुणस्तरीय एवं दक्ष जनशक्ति तयार गर्ने, विविध पक्षमा अनुसन्धान गर्ने, राष्ट्रिय संस्कृति र परम्पराको संरक्षण र विकास गर्ने, कला, विज्ञान, प्रविधि तथा व्यावसायिक क्षेत्रको ज्ञान र अनुसन्धानलाई व्यापक एवं व्यावहारिक र समय सापेक्ष बनाउने कार्यका साथ देश निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आइरहेको छ। यसले मुलुकको अग्रगामी परिवर्तन र प्रगतिका लागि आफ्नो मातहतका क्याम्पस तथा विभागहरूबाट देशलाई समयसापेक्ष रूपान्तरण गर्न आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्दै आइरहेको छ । नेपाली समाजको रूपान्तरण तथा आर्थिक सम्वृद्धिका लागि आवश्यक पर्ने सीप, ज्ञान, प्रविधि र विकासका नमुनाहरूलाई देशको भौगोलिक अवस्था सामाजिक संरचना, साँस्कृतिक मान्यता, अन्तर्राष्ट्रिय सम्बन्धअनुरूप प्रयोग गरी देशलाई अझ समुन्नत अवस्थामा पुऱ्याउन यो विश्वविद्यालयले अग्रणी भूमिका निर्वाह गर्दै आएको हामी सबैलाई सर्वविदितै छ। २१ औं शताब्दीका आश्चर्य चकित विकास र परिवर्तनका आयामहरूको प्रभावबाट प्रत्यक्ष प्रभावित नेपाली समाजलाई अझ बढी लाभान्वित बनाउन अबको उच्च शिक्षाको मुख्य ध्येय उद्यमशीलता (Entrepreneurship) को विकास गर्ने दिशातिर उन्मुख हुनु पर्छ भन्ने कुरा यस विश्वविद्यालयले अंगिकार गरिसकेको छ । उच्च शिक्षाको विकास र समा( जको सम्वृद्धिबीच तालमेल मिलाई नेपाली समाजको स्थायी शान्ति, दिगो विकास र समावेशी सहभागिता सुनिश्चित गर्न उच्च शिक्षालाई प्रभावकारी, व्यावहारिक, व्यावसायिक र अन्तर्राष्ट्रिय जगतमा प्रतिस्पर्धी बनाउने दिशामा त्रि.वि. निरन्तर क्रियाशील छ।

नेपाल सरकारले यस विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालयका रूपमा सैद्धान्तिक मान्यता प्रदान गरी रूपान्तरण गर्नका लागि अवधारणापत्र पेश गर्ने निर्देशन दिएबमोजिम विश्वविद्यालयले आफ्नो अवधारणा तयार गरी नेपाल सरकारसमक्ष पेस गरिसकेको छ । साथै विश्वविद्यालयले आफ्नो ५ वर्षीय रणनीतिक योजना तयार गरी अनुमोदनका लागि यस सम्मानित सभासमक्ष पेश गरी सकिएको छ । प्रस्तुत नीति तथा कार्यक्रम ५ वर्षीय रणनीतिक योजनाका उद्देश्य पूर्ति गर्ने गरी तयार गरिएका छन् । आगामी ५ वर्षभित्र रणनीतिक योजनाले निर्दिष्ट गरेका कार्यक्रमहरू सम्पन्न भइसक्दा यो विश्वविद्यालय उत्कृष्ट शैक्षिक केन्द्रको रूपमा विकास हुने विश्वास लिइएको छ।

**अध्यक्ष महोदय,**

विश्वविद्यालयलाई उत्कृष्ट शैक्षिक केन्द्रको रूपमा योजनाबद्ध ढंगबाट विकास गर्ने उद्देश्यका साथ उपकुलपतिज्यूको स्वागतमन्तव्य मार्फत पेसहुन आएका आर्थिक वर्ष २०७१/७२ का नीतिहरूलाई कार्यान्वयन गर्न निर्धारण गरिएका कार्यक्रमहरूलाई तर्कसँगत ढाँचामा राखी सम्मानित सभासमक्ष पेस गरिएको छ। प्रस्तुत कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि आवश्यक बजेट निर्माण गरी पेस गरेको छु।

**अध्यक्ष महोदय तथा विद्वान् सभासदज्यूहरू,**

वर्तमानमा त्रिभुवन विश्वविद्यालयले मुलुकको उच्चशिक्षाका क्षेत्रमा झन्डै ९० प्रतिशत योगदान दिँदै नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको भएता पनि हरेक आर्थिक वर्षमा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम क्रमिक रूपमा घट्दै गइरहेको कारण विश्वविद्यालयले आर्थिक संकटको सामना गरिरहनु परेको छ (अनुसूची-४) । विश्वविद्यालयको आर्थिक व्यवस्थापन, भौतिक सम्पत्ति संपरीक्षण, खर्च व्यवस्थापन र आन्तरिक स्रोत परिचालन गर्ने कार्य गरेता पनि सम्पूर्ण पेस्की फछ्र्यौट र बेरुजु शून्य स्थितिमा झार्ने अवस्था सिर्जना गर्न सकिएको छैन। आर्थिक कठिनाइकै कारण विश्वविद्यालय आफुले प्रदान गर्ने उच्च शिक्षामा गुणस्तरीयताको सुनिश्चितता गर्ने कार्यमा मुख्य रूपमा निम्न समस्या र चुनौतीहरूको सामना गरिरहेको छ :

- समयमा तलव भत्ता प्रदान गर्न।
- समयानुकूल पाठ्यक्रम सुधार गर्न।
- शैक्षिक पात्रो तथा परीक्षा प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्न।
- अनुसन्धान, तालिम प्रशिक्षण जस्ता कार्यक्रम सञ्चालन गर्न।
- पर्याप्त मात्रामा सीपमूलक एवं रोजगारी मूलक विषयहरूको शैक्षिक कार्यक्रमहरू संचालन गर्न।
- भौतिक सम्पत्तिको संरक्षण र मर्मत संभार एवं निर्माण गर्न।
- शैक्षिक तथा वैज्ञानिक उपकरणहरूको पर्याप्त आपूर्ति गर्न।

- जनशक्तिको क्षमता विकासका लागि आवश्यक तालिम/ गोष्ठी/ सेमिनार /पुनर्ताजगी कार्यक्रमहरू र उच्चस्तरीय भ्रमणको यथोचित व्यवस्था गर्न ।
- शिक्षक/कर्मचारीहरूलाई अवकाश पश्चात् भुक्तानी दिनुपर्ने सुविधाहरू जस्तै निवृत्तिभरण/उपदान/बीमा/औषधोपचार /संचित विदा आदिको रकम समयमै उपलब्ध गराउन ।

**अध्यक्ष महोदय एवं विद्वान् सभासदज्यूहरू,**

उपरोक्त चुनौतीहरूको सामाना गर्न विश्वविद्यालयले थप आन्तरिक स्रोतको परिचालनमा जोड दिँदै नेपाल सरकार समक्ष विश्वविद्यालय सभाद्वारा पारीत वजेटमा उल्लेखित रकम अनुदान निकासा दिन अनुरोध गर्दै आइरहेको छ । विश्वविद्यालयको पारदर्शी आर्थिक व्यवस्थापनका लागि एकल खाता प्रणाली लागू गर्ने नीतिअनुरुप गत आ.ब.देखि केन्द्रीय कार्यालयमा लागू गरिसकिएको छ । एकल खाता प्रणालीको कार्यान्वयनलाई क्रमिक रूपमा विस्तार गरिने छ। आर्थिक वर्ष २०६९/७० को एकीकृत वासलात तयार भइसकेको व्यहोरा अवगत गराउँदै आर्थिक वर्ष २०७०/७१ को एकीकृत वासलात तयार गर्ने कार्य भइरहेको कुरा सम्मानित सभामा जानकारी गराउन चाहन्छु (अनुसूची १) । आ.व.२०६९/७० को अधिकांश निकायहरूको आन्तरिक तथा अन्तिम लेखा परीक्षण कार्य सम्पन्न भइसकेको छ भने आ.व. २०७०/७१ को आन्तरिक लेखा परीक्षण गर्ने कार्य सुरु भइसकेको छ। बेरुजु फछ्र्योटतर्फ आ.व.२०७०/७१ असार मसान्तसम्म रु. १ अर्ब ३० करोड ३४ हजार फछ्र्योट भएको छ भने थप रु. ५३ करोड १५ लाख बेरुजु फछ्र्योटको लागि सम्वन्धित निकायमा पेस गरिएको छ (अनुसूची - ५) ।

पेस्की बेरुजु फछ्र्योट प्रक्रियालाई प्रभावकारी बनाई पेस्की फछ्र्योट नगर्नेहरूसँग नियमानुसार तोकिएको समयभित्र फछ्र्योट गर्न जानकारी गराउने र सो समयभित्र पेस्की फछ्र्योट नगरेमा व्याजसहित असुल उपर गर्ने कार्यको निरन्तरताले सकारात्मक परिणाम प्राप्त भइरहेको कुरासमेत सम्मानित सभालाई अवगत गराउन चाहन्छु । यसरी असुल गरिएको रकमलाई निवृत्तिभरण कोषमा दाखिला गरिने व्यहोरा जानकारी गराउन चाहन्छु। शिक्षा मन्त्रालयको निर्देशनअनुसार विगत देखिको बक्यौता पेस्की फछ्र्योट गर्दा व्याज वापत रु.२५ लाख र आ.व.२०६८/६९ देखि तलव भत्तावापत बढी भुक्तानी भएको रु.३२ लाखसमेत जम्मा रु. ५७ लाख असुली भइसकेको छ जुन रकम क्रमश: निवृत्तिभरण कोषमा जम्मा गरिने छ ।

**अध्यक्ष महोदय तथा विद्वान् सभासदज्यूहरू,**

आर्थिक वर्ष २०७१/७२ को प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुपूर्व आर्थिक वर्ष २०७०/७१ मा सञ्चालित कार्यक्रम र आयव्ययको प्रगति विवरण संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०७०/७१ मा ५ अध्ययन संस्थान र ४ संकायहरूमध्ये प्रमाणपत्र तह (नर्सिङ्गतर्फ मात्र), स्नातक तह, स्नातकोत्तर तह, एम.फिल तह र पीएच.डी.मा गरी विभिन्न शैक्षिक कार्यक्रमहरूमा नयाँ भर्ना भएका ६८ हजार ४ सय २८ जना र अघिल्लो वर्षमा भर्ना भई चालु वर्षमा क्यारीओभर ७९ हजार ७ सय १३ जना गरी कुल १ लाख ४८ हजार १ सय ४१ जना छात्रछात्राहरू आंगिक क्याम्पस तथा केन्द्रीय विभागहरूमा अध्ययनरत छन् । प्रतिशतका हिसावले विभिन्न शैक्षिक कार्यक्रमहरूमा अध्ययनरत छात्रतर्फ ८८ हजार १ सय ८० जना (५९.५३ प्रतिशत) र छात्रातर्फ ५९ हजार ९ सय ६१ जना (४०.४७ प्रतिशत) रहेका छन् ।

अब म आर्थिक वर्ष २०७०/७१ को स्वीकृत वजेट र प्राप्त अनुदानको यथार्थ वस्तुस्थिति यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु । आर्थिक वर्ष २०७०/७१ मा नियमित कार्यक्रमतर्फ रु.६ अर्ब ३७ करोड ९७ लाख ६८ हजार, विकास कार्यक्रम (पुँजीगत) तर्फ रु.३० करोड ३५ लाख गरी जम्मा रु.६ अर्ब ६८ करोड ३२ लाख ६८ हजार त्रि.वि. सभाबाट प्रस्ताव स्वीकृत भई नेपाल सरकारसँग अनुदान माग गरिएकोमा नियमित कार्यक्रमतर्फ रु.४ अर्ब २६ करोड ३८ लाख ३० हजार र विकास कार्यक्रम (पुँजीगत) तर्फ रु. ३० करोड गरी जम्मा रु.४ अर्ब ५६ करोड ३८ लाख ३० हजार मात्र रकम निकासा प्राप्त भयो । साथै एग्रो बायोमेटेरियल प्रयोगशालाको लागि रु. १ करोड र त्रि.वि.शिक्षण अस्पतालको लागि रु.३ करोड समेत जम्मा रु.४ करोड थप अनुदान निकासा प्राप्त भएको व्यहोरा समेत सम्मानित सभासमक्ष अवगत गराउन चाहन्छु। आ.व. २०७०/७१ को त्रि.वि. केन्द्रीय कोषमा आम्दानी खर्च अनुसूची-२ मा देखाइएको छ ।

विगत २ आर्थिक वर्षदेखि वन क्याम्पस हेटौंडा, रामपुर कृषि क्याम्पस, चितवन, सुर्खेत शिक्षा क्याम्पस सुर्खेत र सिद्धनाथ विज्ञान क्याम्पसको लागि विश्वविद्यालय अनुदान आयोगवाट रकम प्राप्त हुन सकेको छैन तर ती क्याम्पसमा कार्यरत रहेका सबै शिक्षक कर्मचारीहरूलाई त्रि.वि. ले आन्तरिक स्रोतबाट तलब भत्ता प्रदान गरिरहेको व्यहोरा पनि सम्मानित सभामा जानकारी गराउँदछु ।

**अध्यक्ष महोदय तथा विद्वान् सभासदज्यूहरू,**

प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अभिभावक र विद्यार्थीहरूको अभिमत एवं गत त्रि.वि. सभामा विद्वान्

सभासद्ज्यूहरूबाट व्यक्त विचार र सुझावहरूका अतिरिक्त बौद्धिक समुदायलगायत विभिन्न पक्षहरूबाट प्राप्त सुझावहरूलाई बजेट निर्माणको आधार र मार्गदर्शनको रूपमा लिएको छु । आ.व. २०७१/७२ को प्रस्तावित बजेट तर्जुमा गर्दा बढी व्यावहारिक एवं औचित्यपूर्ण होस् भनी डीन, कार्यकारी निर्देशक, परीक्षा नियन्त्रक, केन्द्रीय विभागीय प्रमुख तथा क्याम्पस प्रमुखका साथै लेखा प्रमुखहरूसँग विभिन्न चरणमा बजेट छलफल गरी निर्धारित कार्यक्रम एवं स्रोत तथा साधनलाई मध्यनजर गरी वजेट प्रस्ताव गरेको छु ।

त्रिभुवन विश्वविद्यालयको आ.व. २०७१/७२ को प्रस्तावित आय व्यय अनुमानलाई व्यवस्थित तरिकाबाट प्रस्तुत गर्न त्रि.वि. सेवा आयोग, अध्ययन संस्थान, संकाय, अनुसन्धान केन्द्र, विश्वविद्यालय क्याम्पस, केन्द्रीय विभाग, केन्द्रीय पुस्तकालय, केन्द्रीय कार्यालय अन्तर्गतका निकायहरूको बजेट तर्जुमा गरिएको छ । विकास बजेट तर्जुमा गर्दा नेपाल सरकारवाट प्राप्त हुने र विश्वविद्यालयद्वारा माग गरिने रकमबीच सधैं अन्तर रहने कारणले विकास कार्यक्रम संचालन गर्न प्राथमिकता तोक्नु पर्ने स्थिति सिर्जना भएकोले यस आर्थिक वर्षदेखि विकास वजेटमा उल्लेख गरिएका कार्यक्रमहरूलाई प्राथमिकता $P_1$ र $P_2$ आधारमा संचालन गर्ने व्यवस्था मिलाएको छु ।

त्रिभुवन विश्वविद्यालयको स्वीकृत दरवन्दी सहितको मानव संसाधनको वर्गीकृत स्वरुप आर्थिक वर्ष २०७०/७१ मा सेवामा रहने शिक्षकतर्फ स्वीकृत दरबन्दी संख्या ८२६१ मध्ये ७९६६ जना अर्थात (९६.४२ प्रतिशत) कार्यरत र प्रशासनिक, प्राविधिक र युटिलिटी कर्मचारीतर्फ स्वीकृत दरबन्दी संख्या ८१९४ मध्ये ७२३० जना अर्थात (८८.२४ प्रतिशत) कार्यरत रहेको देखिन्छ ।

विश्वविद्यालयले शिक्षक कर्मचारीहरूको स्वास्थ्य उपचार कोष, विद्यार्थी स्वास्थ्य उपचार कोष स्थापना गर्ने कार्य अगाडि वढाएको छ । त्यसका लागि आवश्यक कार्य योजना निर्माण र नीतिगत व्यवस्थाका लागि आन्तरिक गृहकार्य अगाडि बढाइएको छ । यी कोषहरूको दिगो व्यवस्थापनका लागि नियममा व्यवस्था गर्नु पर्ने भएकोले विश्वविद्यालयको आगामी साधारण सभामा पेस गरिने कुरा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

विश्वविद्यालय अध्ययनरत विद्यार्थी, कार्यरत शिक्षक कर्मचारीहरूका पेसागत हक अधिकार संरक्षणमा सचेत रहँदै आएको छ । समयसापेक्ष रूपमा उठने गरेका कतिपय पेसागत सवालहरूलाई नियमहरूमा संशोधन परिमार्जन आवश्यक हुने हुनाले आगामी साधारण सभामा यी विषयहरूले प्रवेश पाउने विश्वास दिलाउन चाहन्छु ।

**अध्यक्ष महोदय,**

विगत वर्षदेखि दृष्टिविहीन, अपाङ्ग एवं जन आन्दोलनका घाइते विद्यार्थीहरूलाई त्रि.वि. का सम्पूर्ण आंगिक क्याम्पस तथा विभागहरूबाट शुल्क मिनाहा गरी भर्ना लिंदै आएको र महिला, आदिवासी, जनजाति, दलित र सामाजिक, शैक्षिक र आर्थिक रूपमा पिछडिएका वर्गहरूको सहभागितामा वृद्धि गरी गरीव तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिने कार्यलाई निरन्तरता दिइएको छ । यस वर्षदेखि विश्वविद्यालयको सँगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को उप नियम ३९७ ले दिएको अधिकार प्रयोग गरी विश्वविद्यालयले उपलव्ध गराउने छात्रवृत्ति, पुरस्कार तथा पदक वितरणलाई व्यवस्थित गर्न कार्य निर्देशिका २०७१ निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

**अध्यक्ष महोदय एवं विद्वान् सभासदज्यूहरू,**

अब म आर्थिक वर्ष २०७१।७२ को लागि विश्वविद्यालय केन्द्रीय कोषवाट सञ्चालन हुने कार्यक्रम तथा आय व्यय अनुमान (वजेट) पेश गर्ने अनुमति चाहन्छु । नेपाल सरकारले निजामती कर्मचारी र शिक्षकहरूको तलवमानमा १० प्रतिशतले वृद्धि गरी साविकमा प्रदान गर्दै आएको रु. १०००।- मासिक भत्तालाई यथावत कायम राखेअनुसार त्रि.वि.का पदाधिकारी, शिक्षक र कर्मचारीहरूको तलव भत्तामा पनि सोहीअनुसारको व्यवस्था गरिएको छ । यसका साथै नेपाल सरकारद्वारा स्थानीय भत्तामा गरेको वृद्धि र ग्रेडमा गरेको पुनरावलोकनलाई त्रि.वि.ले पनि सोहीअनुसार गर्ने व्यवस्था गरेको छु । यसका अतिरिक्त प्राध्यापक तथा कर्मचारीहरूलाई साविकमा प्रदान गर्दै आएको प्राज्ञिक भत्ता तथा प्रशासनिक प्रोत्साहन भत्तामा यस वर्षदेखि रु. ३००।- का दरले वृद्धि गर्ने व्यवस्था गरेको छु ।

संचालनतर्फ : तलव, भत्तातर्फ रु.५ अर्ब ७२ करोड २३ लाख २७ हजार, निवृत्तिभरण /उपदानतर्फ रु.८८ करोड, निवृत्त शिक्षक कर्मचारीहरूको औषधोपचार/संचित विदातर्फ रु.३८ करोड, सञ्चालन खर्च रु.६२ करोड ४७ लाख ७४ हजार, गरी जम्मा ७ अर्ब ६० करोड ७१ लाख १ हजार र विकास (पुँजीगत) तर्फ : रु. ३९ करोड ३८ लाख र आन्तरिकतर्फ रु. २ अर्ब ६३ करोड ७४ लाख ७६ हजार गरी कुल रु. १० अर्ब ६३ करोड ८३ लाख ७७ हजार खर्च हुने अनुमान गरेको छु ।

विश्वविद्यालयको मातहतका क्याम्पस/केन्द्रीय विभागहरूलाई त्रि.वि.को केन्द्रीय कोषमा थप व्ययभार नपर्ने गरी आन्तरिक

स्रोतबाट थप कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्ने नीतिअनुसार विभिन्न क्याम्पस/केन्द्रीय विभागहरूलाई त्यस्तो कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गरिएकोमा ती कार्यक्रम सञ्चालन गर्दा के कति रकम आम्दानी र खर्च हुन्छ सोको यकिन विवरण केन्द्रीय हिसाबमा देखिन आवश्यक भएकाले गतवर्ष जस्तै यस वर्ष पनि त्यस्तो आम्दानी खर्चको विवरण प्रष्ट देखियोस् भन्ने मनसायका साथ बजेट पुस्तिकामा उल्लेख गरिएको छ । यस्तो आन्तरिक स्रोत परिचालनको निर्देशिका निर्माणगरी कार्यकारी परिषदद्वारा तुरुन्तै लागू गरिनेछ । क्याम्पस कार्यालयहरूको यस वर्षको आन्तरिक स्रोत परिचालन रु. २ अर्ब ६३ करोड ७४ लाख ७६ हजार हुने अनुमान गरेको छु । यस्तो आम्दानीको १० प्रतिशतले हुने रकम सम्बन्धित कार्यक्रमको निरन्तरता र दिगो संचालनका लागि सम्बन्धित क्याम्पस/केन्द्रीय विभागहरूमा नै जगेडा कोष स्थापना गर्ने व्यवस्था गरेको छु ।

सेवा निवृत्त शिक्षक कर्मचारीहरूको संख्यामा दिन प्रतिदिन वृद्धि हुँदै गइरहेकोले यसको दायित्व वृद्धि भई साविकमा झै केन्द्रीय कोषवाट मासिक निवृत्तिभरण भुक्तानी गर्न सम्भव नदेखिएकाले कार्यकारी परिषदद्वारा स्वायत्त उपदान तथा निवृत्तिभरण कोषको आवश्यकता महसुस गरी आ.व. २०७०/७१ मा "त्रि.वि. शिक्षक कर्मचारी उपदान तथा निवृत्तिभरण कोष" स्थापना गरिएको थियो । मिति २०७१।५।२० सम्ममा उक्त कोषमा रु. ८७,७१,२६,४०८।- जम्मा भइसकेको छ । उपदान तथा निवृत्तिभरण प्राप्त गर्नेहरूको संख्यामा भएको वृद्धिलाई ध्यानमा राखी उपदान तथा निवृत्तिभरण र बीमा कोषमा क्रमशः वृद्धि गर्नु पर्ने अवस्था छ । गत वर्षदेखि विभिन्न अध्ययन संस्थान तथा संकायअन्तर्गत दिइने सम्बन्धनबाट प्राप्त हुने सम्बन्धन शुल्कको ५० प्रतिशत रकम निवृत्तिभरण कोषमा जम्मा गर्ने र अनुसन्धान कोष निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ । गत वर्षदेखि सुरू गरिएको शिक्षाशास्त्र संकायअन्तर्गत संचालित स्नातक तथा स्नातकोत्तर तहको पाठ्यक्रम अनुसारको शिक्षण अभ्यासबापत उठाइने शुल्क मध्ये प.नि.का. लाई प्राप्त हुने प्रति विद्यार्थी रु. ५०।- र परीक्षा फाराम शुल्कको प्रति विद्यार्थी रु. ५०।- विश्वविद्यालय उपदान तथा निवृत्तिभरण कोषमा जम्मा हुने व्यवस्थालाई निरन्तरता दिइनेछ । सेमेस्टर प्रणालीअर्न्तगत कार्यक्रमहरूको परीक्षा शुल्कको २० प्रतिशत निवृत्तिभरण कोषमा जम्मा गर्ने र त्यस्तै सम्बन्धन प्राप्त क्याम्पसहरूबाट प्राप्त हुने सेवा शुल्कलाई निवृत्तिभरण कोषमा दाखिला गर्ने व्यवस्थाको साथै स्वायत्तता प्राप्तलगायत सबै क्याम्पसहरूको आन्तरिक आम्दानीको १० प्रतिशत रकमलाई निवृत्तिभरण कोषमा अनिवार्य दाखिला गराउने व्यवस्था गरेको छु । आ.व. २०६९/७० र २०७०/७१ को अवकाश सुविधाको यथार्थ खर्च र आ.व. २०७१/७२ को लागि अनुमानित रकम अनुसूची - ३ मा उल्लेख गरेको छु । नेपाल सरकारसँग माग गरिएको रकम विश्वविद्यालय अनुदान आयोगमार्फत निकासा प्राप्त भएको खुद रकम र वास्तविक खर्च एवं नपुग हुन आउने न्यून रकमको व्यवस्था गर्न विश्वविद्यालय अन्तर्गतका सवै निकायहरूलाई आन्तरिक स्रोतको प्रभावकारी रूपमा परिचालन गर्न यस वर्ष विशेष जोड दिइएको छ । त्रि.वि. अन्तर्गत विभिन्न निकायको आन्तरिक स्रोत परिचालनसम्बन्धी व्यवस्था बजेट पुस्तिकामा प्रस्तुत गरेको छु ।

विगतदेखि नै कर्मचारी संचयकोष अनुदान वापत कट्टा गरिएको रकम संचयकोष शाखामा पठाउने काम बक्यौता रहेकोमा गत आ.व. २०७०।७१ मा मात्र रु. १६ करोड बक्यौता रकम संचयकोषमा हस्तान्तरण गरी बक्यौता सुन्य गरिएको छ । शिक्षक कर्मचारीलाई प्रदान गर्ने संचयकोष अनुदान रकम बजेट निकासाको क्रममा नै केन्द्रमा राखिने वर्तमान व्यवस्थालाई परिमार्जन गरी चालु आर्थिक वर्षदेखि सम्बन्धित निकायमा नै पुरै रकम निकासा गर्ने र फाँटवारीसाथ सम्बन्धित निकायले क.सं. कोष शाखामा रकम उपलव्ध गराउनु पर्ने व्यवस्था मिलाएको छु ।

विभिन्न निकायहरूको आ.व. २०७१/७२ मा थप आन्तरिक स्रोतबाट प्राप्त हुने रकम विभिन्न कार्यक्रमहरूमा खर्च गर्नुपर्दा केन्द्रीय हिसाबमा अभिलेख राख्न अनिवार्य भएकोले बजेटमा उल्लेखित सीमाबाहिर खर्च गर्नुपर्दा त्रि.वि.केन्द्रीय कार्यलयबाट स्वीकृत गराउनु अनिवार्य गरिएको छ । त्रिभुवन विश्वविद्यालयको आर्थिक स्रोत प्रत्यक्ष रूपमा नेपाल सरकारको अनुदान भएकोले प्रस्ताव गरिएको बजेट प्राप्त हुने विश्वास लिएको छु ।

अन्तमा त्रिभुवन विश्वविद्यालयको आ.व.२०७१/७२ को कार्यक्रम तथा बजेट पारित गरिदिनु हुन विद्वान् सभासदज्यूहरूसमक्ष हार्दिक अनुरोध गर्दछु । त्रिभुवन विश्वविद्यालयको नियमित कार्यक्रमको संचालन खर्च तथा साविक विकास अनुदान प्रदान गर्ने नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग र अन्तर्राष्ट्रिय संघ संस्थाहरूप्रति आभार व्यक्त गर्दछु ।

गरिमामय त्रि.वि. सभाका अध्यक्षज्यू, विद्वान सभासद्ज्यू, विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, शिक्षाप्रेमी, शुभेच्छुक, दातृ संस्था एवं अन्य सम्पूर्ण सहयोगी संघ संस्थाहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

अनुसूची- १

## त्रिभुवन विश्वविद्यालय
### ३१ आषाढ २०७० एकीकृत वासलात
### २०६९/०७०

| कोड | सम्पत्ति-विवरण | | रकम |
|---|---|---|---|
| ०१ | पूंजिगत सम्पत्ति (अनुसूची १) ............................ | | ५,९३५,५३४,२९५।५१ |
| ०३ | चल सम्पत्ति ............................................. | | १,०३०,२२२,३४०।२६ |
| ०४ | नगद र बैंक मौज्दात .................................... | | ३,११२,१३५,३१८।३६ |
| | जम्मा सम्पत्ति | | १०,०७७,८९१,९५४।१३ |
| | **दायित्व** | | |
| ०१ | अक्ष्यकोष .................................................. | | १,१२२,०५१,३२७।०३ |
| ०२ | पूंजिगत सम्पत्ति कोष ................................. | | ५,९३५,५३४,२९५।५१ |
| ०५ | धरौटी तथा दायित्व (अनुसूची २) ...................... | | २,८९८,४१३,७८०।९४ |
| ०६ | केन्द्रीय कार्यालय ........................................ | | १२१,८९२,५५०।६५ |
| | (क) पेश्की मौज्दान | १,०३०,२२२,३४०।२६ | |
| | (ख) नगद मौज्दात | (९०८,३२९,७८९।६१) | |
| | जम्मा दायित्व | | १०,०७७,८९१,९५४।१३ |

## त्रिभुवन विश्वबिद्यालय
### एकीकृत आम्दानी खर्च ३१ आषाढ २०७० को विवरण
### (२०६९।२०७०)

| सम्पत्ति-विवरण | रकम |
|---|---|
| यस बर्षको आम्दानी (अनुसूची ३) ................................ | २,२१२,२१७,९६०।६४ |
| यस बर्षको निकासा (अनुसूची ७) ................................ | ३,५७०,४३२,१४३।४२ |
| जम्मा आम्दानी | ५,७८२,६५०,१०४।०६ |
| खर्च विवरण | |
| यस बर्षको खर्च अनुसूची ५ ........................................ | |
| पेश्की खर्च खनुसूची ५ र ४ ........................................ | ५,६६०,७५७,५५३।४१ |
| खुद बांकी ( बचत/खर्च केन्द्रीय कार्यालयमा सारेको .............. | १,०३०,२२२,३४०।२६ |
| | (९०८,३२९,७८९।६१) |
| जम्मा खर्च | ५,७८२,६५०,१०४।०६ |

अनुसूची - २

## आ.व. २०७०।७१ को आम्दानी र खर्चको विवरण

### खर्चको विवरण

| विवरण | रकम |
|---|---|
| तलव, भत्ता र संचय कोष | ४१२६५६२००६।- |
| निवृत्तिभरण तथा उपदान | ७१७७१०१३३।- |
| औषधि उपचार | १३९६०२६९३।- |
| विशेष अवकाश कोष | १५१२८२७०।- |
| अन्य सुविधा | १८०३५०००।- |
| संचित विदा रकम | १८६४११०००।- |
| विकास (पूजिंगत खर्च) | ३४००००००००।- |
| स्वायत्तता क्याम्पस अनुदान | २२२६२५०००।- |
| वचत | ४०२३९२६२।- |
| **जम्मा** | **५८०६३१३३६४।-** |

### आम्दानीको विवरण

| विवरण | रकम |
|---|---|
| विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त निकासा | ४०४१२०५०३४।- |
| विकास अनुदान | ३४००००००००।- |
| व्याज आम्दानी | २७५७०३३०।- |
| आम्दानी शुल्क आदी | ११७२७५३०००।- |
| स्वायत्तता क्याम्पसको लागि प्राप्त अनुदान | २२२६२५०००।- |
| ओर्ल्ड ट्रेड सेन्टर, त्रिपुरेश्वर भाडा | २१६००००।- |
| जम्मा | ५८०६३१३३६४।- |

अनुसूची - ३

## आ.व. २०६९/७०, २०७०/७१ को यथार्थ खर्च र २०७१/७२ को प्रस्तावित अवकाश सुविधाको रकम विवरण

| सि.नं. | विवरण | आर्थिक बर्ष | | |
|---|---|---|---|---|
| | | २०६९/७० | २०७०/७१ | २०७१/७२ |
| १ | निवृत्तिभरण र उपदान | ५४,८९,८८,०००।- | ७१,७७,१०,१३३।- | ८८,००,००,०००।- |
| २ | औषधि उपचार | १०,९७९७००००।- | १३९६०२६९३।- | १५,००,००,०००।- |
| ३ | विशेष अवकाश कोष | ७६,६८,०००।- | १५१२८२७०।- | १,८०,००,०००।- |
| ४ | अन्य सुविधा( विविध अनुदान) | १३,७५,०००।- | १८०३५००।- | ३०,००,०००।- |
| ५ | संचित बिदा | १४२८१२०००।- | १८६४११०००।- | २०,९०,००,०००। |
| जम्मा | | ८१०६४०००००।- | १०७६८८७०९६।- | १२६,००,००,०००।- |

अनुसूची- ४

१२ वर्षको बजेट अनुमान र निकासा विवरण






**अनुसूची- ५**

## बेरुजु र बेरुजु फर्स्योटको हालको स्थिति

रु. हजारमा

| आर्थिक वर्ष | जम्मा बेरुजु | फर्स्योट | बाँकी | थप | कुल जम्मा |
|---|---|---|---|---|---|
| आ.ब.२०६७/६८ | ८००२५९३ | ८२०४५१ | ७१८२१४२ | ५६१९९९ | ७७४४१४१ |
| आ.ब.२०६८/६९ | ७७४४१४१ | १५०९३८ | ७५९३२०३ | १०२४२८४ | ८६१७४८७ |
| आ.ब.२०६९/७० | ८६१७४८७ | १६००८५ | ८४५७४०२ | १२२७७४० | ९६८५१४२ |
| आ.ब.२०७०/७१ | ९६८५१४२ | १३०३२३४ | ८३८१९०८ | १५६५४५० | ९९४७३५८ |
| आ.ब.२०७१/७२ | ९९४७३५८ | | | | |
| | जम्मा | २४३४७०८ | | | |

स्रोत : बेरुजु फर्स्योट तथा अनुगमन समिति, सिंहदरवार ,२०७१

**लेखापरीक्षणको हालको स्थिति**

| आर्थिक वर्ष | युनिट |
|---|---|
| आ.ब.२०६८/६९ सम्म म.ले.प. बक्यौता | ४०४ |
| आ.ब.२०६९/७० सम्म बक्यौता ले.प. सम्पन्न | ८४ |
| आ.ब.२०७०/७१ सम्म बाँकी | ३२० |

स्रोत : म.ले.प. कार्यालय, बबरमहल, २०७१ आषाढ मसान्त ।

**बेरुजु फर्स्योट प्रकृयामा रहेको**

| बेरुजु फर्स्योट प्रकृयाको स्थिति | रकम |
|---|---|
| बेरुजु फर्स्योट समिति | १० करोड १५ लाख |
| त्रि.वि. शिक्षण अस्पतालको म.ले.प. मा प्रकृयागत | ४२ करोड |
| नगद असुल सम्परीक्षण बाँकी | १ करोड |
| | ५३ करोड १५ लाख |

# चिकित्साशास्त्र अध्ययन संस्थानको ४२औं वार्षिकोत्सव सम्पन्न

काठमाडौं, भदौ ३० गते । त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम)ले आफ्नो ४२औं वार्षिक दिवस एक समारोहको आयोजना गरी सम्पन्न गरेको छ ।

अध्ययन संस्थान परिसरमा आयोजित वार्षिकोत्सव कार्यक्रमको उद्घाटन शिक्षामन्त्री एवं त्रिविका सहकुलपति चित्रलेखा यादवले गर्नुभएको थियो ।

वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै मन्त्री यादवले देशमा गुणस्तरीय चिकित्सक उत्पादन गर्न आईओएमले निर्वाह गरेको जिम्मेवारीको प्रशंसा गर्नुभयो । उहाँले संस्थानको दीर्घकालीन विकास र गुणस्तरका लागि सरकार सकारात्मक रहेको बताउँदै मुलुककै अग्रणी यस संस्थानले अझै सक्षम एवं गुणस्तरीय चिकित्सक निर्माण गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

समारोहलाई सम्बोधन गर्दै त्रिविका उपकुलपति प्रा.डा. हिराबहादुर महर्जनले चिकित्सा अध्ययनमा धेरैको रुचि बढिरहेको सन्दर्भ उठाउँदै महाराजगंज क्याम्पसलाई विस्तारित गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

मेडिकल क्याम्पसलाई सम्बन्धन दिने विषयमा पछिल्लो समयमा देखिएका समस्या समाधानका लागि अध्ययन समितिले गरेको निर्णय अनुसार अघि बढ्नेमा सम्पूर्ण चिकित्सकहरू आश्वस्त हुन समेत उहाँले आग्रह गर्नुभयो ।

चिकित्साशास्त्र अध्ययन संस्थानले त्रिविकै साख जोगाएको भन्दै उपकुलपति प्रा.डा. महर्जनले संस्थानको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभएको थियो ।

यसैगरी विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. पराशर कोइरालाले चिकित्सा क्षेत्रमा गरिने अनुसन्धानको लागि थप सहयोग गरी संस्थानको सर्वपक्षीय विकासमा आर्थिक सहयोग पुऱ्याउन विश्वविद्यालय अनुदान आयोगले आगामी दिनमा सके जति सहयोग गर्ने बताउनुभयो ।

कार्यक्रममा चिकित्साशास्त्र अध्ययन संस्थानका डीन प्रा.डा. राकेशप्रसाद श्रीवास्तवले चिकित्साशास्त्र अध्ययन संस्थानलाई थप मजबुत बनाई मेडिकल रिसर्च सेन्टरको रूपमा विकास गर्न सम्बन्धित निकायहरूलाई आग्रह गर्दै पछिल्लो सयममा प्राध्यापकहरूको गतिविधि समेत नियमन गर्नुपर्ने अवस्था आइरहेको बताउनुभयो ।

डीन प्रा.डा. श्रीवास्तवले भविष्यमा होस्टलको कोठा विस्तारित गर्न आफूहरू लागि परिरहेको समेत जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा त्रिविका उपकुलपति प्रा.डा. हिराबहादुर महर्जनले २०६२ सालदेखि विभिन्न विधामा सर्वोत्कृष्ट चिकित्सक, नर्सलाई मेडलद्वारा एवं निवृत्त चिकित्सक एवं कर्मचारीलाई प्रमाणपत्र एवं दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा चिकित्साशास्त्र अध्ययन सस्थानका सहायक डीन डा. बिमलकुमार सिन्हाले वार्षिक प्रगति विवरणको समीक्षा प्रस्तुत गर्नुभएको थियो ।

## सच्याइएको

त्रिवि बुलेटिन वर्ष ४६, २०७० मंसिर-२०७१ असारको संयुक्ताङ्क ३ मा प्रकाशित विद्यावारिधि उपाधि प्रदान शीर्षकको समाचारमा णकृष्ण भट्टराई बुटवल बमुहुखी क्याम्पसमा सह-प्रशासकको रूपमा कार्यरत हुनु पर्नेमा अन्यथा भएको र शंकर अधिकारी त्रिवि शिक्षाध्यक्षको कार्यालयमा उप-प्रशासकको रूपमा कार्यरत हुनुपर्ने मा अन्यथा भएकोले सच्याइएको छ ।

# शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न

काठमाडौं, असोज ५ गते । त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघले विजया दशमी २०७१ को पूर्वसन्ध्यामा सम्पूर्ण राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

जमलस्थित जनप्रशासन क्याम्पस प्रांगणमा आयोजना गरिएको शुभकामना आदानप्रदान कार्यक्रमको उद्घाटन त्रिवि सेवा आयोगका अध्यक्ष प्रा.डा. ईश्वरचन्द्र दत्तले गर्नुभएको थियो ।

उक्त अवसरमा प्रा.डा. दत्तले त्रिवि सेवा आयोगको सक्रियता बढ्दै गइरहेको जानकारी गराउँदै सम्पूर्ण विज्ञापनको काम क्रमैसँग हुने बताउनुभयो ।

यसैगरी त्रिविका शिक्षाध्यक्ष प्रा. गुणनिधि न्यौपानेले गुणस्तरीय शैक्षिक संस्थाको रूपमा त्रिविलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन सम्पूर्ण प्राध्यापकहरूले मिहेनत गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव भोलानाथ पोखरेलले सरकारले उच्चशिक्षामा आफ्नो लगानी कम गर्दै गइरहेको छ भन्दै त्रिविले आन्तरिक स्रोतको परिचालन गरी आर्थिक रूपमा सुदृढ बन्न सुझाव दिनुभएको थियो ।

कार्यक्रममा त्रिवि प्राध्यापक संघका पूर्वसभापतिहरू कपिल श्रेष्ठ, डा. कमलकृष्ण जोशी, डा. खगेन्द्रप्रसाद भट्टराई एवं त्रिवि प्राध्यापक संघका सभापति योगेन्द्रनारायण बडवरियाले पनि मन्तव्य राख्नुभएको थियो ।

यसैगरी नेपाल राष्ट्रिय निवृत्त कर्मचारी संघ, त्रिभुवन विश्वविद्यालय निवृत्त शिक्षक तथा कर्मचारी केन्द्रीय इकाई कार्यसमितिले पनि असोज ५ गते विजया दशमी २०७१, दीपावली, छठ, नेपाल संवत्को नयाँ वर्ष लगायतका राष्ट्रिय चाडपर्वको उपलक्ष्यमा शुभकामना आदान प्रदान एवं चियापान कार्यक्रम कीर्तिपुरस्थित गान्धी भवन परिसरमा आयोजना गरी सम्पन्न गरेको छ ।

# विद्यावारिधि उपाधि प्रदान

**त्रिभुवन विश्वविद्यालयका विभिन्न संकायले निम्न महानुभावहरूलाई विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय गरेको छः**



**मुकुन्दराज पथिक वाग्ले**लाई नेपाली विषयअर्न्तगत “नेपाली बालनको सङ्कलन र विश्लेषण” शीर्षकको शोधप्रबन्धमा मानविकी तथा सामाजिकशास्त्र सङ्कायले विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय गरेको छ । विश्वभाषा क्याम्पसमा उप-प्राध्यापकको रूपमा कार्यरत उहाँलाई मिति २०७०।११।२० मा बसेको अनुसन्धान समितिको बैठकले उक्त उपाधि प्रदान गर्ने निर्णय गरेको हो । शोधप्रबन्धमा उहाँले नेपाली लोक साहित्यमा निकै महत्वपूर्ण मानिने रामकथा एवं श्रीकृष्ण कथामा आधारित बालनको बारेमा खोजमूलक अध्ययन एवं विश्लेषण गर्नुभएको छ ।



**हेमचन्द्र नेपाल**लाई नेपाली विषय अन्तर्गत “बालकृष्ण समका नाटकमा राष्ट्रिय चेतना” शीर्षकको शोधप्रबन्धका लागि मानविकी तथा सामाजिकशास्त्र सङ्कायले विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय गरेको छ। पद्मकन्या बहुमुखी क्याम्पसमा नेपाली विषयको प्राध्यापकको रूपमा कार्यरत उहाँलाई २०७१।३।३२ मा बसेको अनुसन्धान समितिको बैठकले उक्त उपाधि प्रदान गर्ने निर्णय गरेको हो । शोधप्रबन्धमा उहाँले नाटककार बालकृष्ण समका चर्चित नाटकले बोकेको राष्ट्रियताको भावलाई खोजमूलक अध्ययन एवं अनुसन्धान गर्नुभएको छ ।



**कमलराज शर्मा**लाई मानवशास्त्र विषय अन्तर्गत "Hygiene and Sanitation Systems of Rural Community: An Ethnographic Study from Lothar Village Development Committee of Chitwan District" शीर्षकको शोधप्रबन्धमा मानविकी तथा सामाजिक शास्त्र संकायले मिति २०७१।३।२५ मा विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय गरेको छ । शहरी विकास मन्त्रालयमा कार्यरत उहाँले शोधप्रबन्धमा ग्रामीण क्षेत्रको सरसफाई प्रणाली र स्वच्छता(ाको विषयमा चितवन जिल्लाको लोथर गाविसलाई अध्ययन क्षेत्रमा बनाएर खोजमुलक अध्ययन एवं अनुसन्धान गर्नुभएको छ ।



**रश्मी सिल्पकार (राजकर्णिकार)** लाई अर्थशास्त्र विषय अन्तर्गत "Impact of Remittances on Poverty Reduction in Nepal: A Case study of Katahari, Hatiya and Changunarayan VDCs" शीर्षकको शोधप्रबन्धमा मानविकी तथा सामाजिक शास्त्र सङ्कायले विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय गरेको छ । अर्थशास्त्र केन्द्रीय विभागमा उप-प्राध्यापकको रूपमा कार्यरत उहाँलाई मिति २०७१।०३।१२ मा बसेको अनुसन्धान समितिको बैठकले उक्त उपाधि प्रदान गर्ने निर्णय गरेको हो । शोधप्रबन्धमा उहाँले नेपालको सर्न्दभमा गरिबी न्यूनीकरणमा रेमिट्यान्स (विप्रेषण) ले पारेको प्रभावबारे खोजमूलक अध्ययन एवं विश्लेषण गर्नुभएको छ ।



**इन्द्रबहादुर कार्की**लाई "Fabrication Characterization and Application of Zinc Oxide Thin Film Nanorod in Dye-Sensitized Solar Cells and Gas Sensor" शीर्षकको शोधप्रबन्धमा विज्ञान तथा प्रविधि अध्ययन संस्थानले विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय गरेको छ । पाटन संयुक्त क्याम्पसमा सह-प्राध्यापको रूपमा कार्यरत उहाँलाई २०७१।०३।०२ मा बसेको अनुसन्धान समितिको बैठकले उक्त उपाधि प्रदान गर्ने निर्णय गरेको हो । शोधप्रबन्धमा Crystalline Solar Cell हरूको सट्टामा वातावरणमैत्री साथै प्राकृतिक Dye हरूको सदुपयोग गरि Solar Cell को निमार्ण गरी विश्लेषणात्मक अध्ययन गरिएको छ ।



**सुरेन्द्रमान बज्राचार्य**लाई बौद्ध अध्ययन विषय अन्तर्गत "Monasticism in Buddhism of Nepal-Mandala: Continuity and Changes" शीर्षकको शोधप्रबन्धमा मानविकी तथा सामाजिक शास्त्र सङ्कायले विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय गरेको छ। बौद्धअध्ययन केन्द्रीय विभागमा उप-प्राध्यापकको रूपमा कार्यरत उहाँलाई मिति २०७१।०५।१२ मा बसेको अनुसन्धान समितिको बैठकले उक्त उपाधि प्रदान गर्ने निर्णय गरेको हो । शोधप्रबन्धमा उहाँले नेपाल मण्डल (काठमाडौं उपत्यका) को मौलिम वौद्ध धर्म जुन वाहिर विदेशीहरूले नेवार बौद्ध धर्म भन्न रुचाउँछन, त्यस बारेको विहार बौद्ध चर्या र परपम्परासंगत रहेको तथ्यलाई खोजमूलक अध्ययन एवं विश्लेषण गरिएको छ ।



**शोभाखर कँडेल**लाई इतिहास बिषय अन्तर्गत "Rolef of the People of Mid Western Region in the Mass Moment of 2062/063 B.S" शीर्षकको शोधप्रबन्धमा मानविकी तथा सामाजिक शास्त्र सङ्कायले बिद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय गरेको छ। शिक्षाशास्त्र केन्द्रीय विभागमा कीर्तिपुरमा उप-प्राध्यापको रूपमा कार्यरत उहाँलाई मिति २०७१।५।१३ मा बसेको अनुसन्धान समितिको बैठकले उक्त उपाधि प्रदान

**(बाँकी पृष्ठ २० मा)**

गर्ने निर्णय गरेको हो । शोधप्रबन्धमा उहाँले २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनम मध्यपश्चिममा बसोवास गर्ने समुदायले खेलेको भूमिको खोजमुलक अध्ययन एवं विश्लेषण गर्नुभएको छ ।



**बिमला शर्मा**लाई अंग्रेजी विषय अन्तर्गत "Asymmetrical Social Representation in Nepali Brihat Shabdakosh" शीर्षकको शोधप्रबन्धमा मानविकी तथा सामाजिक शास्त्र संकायले विद्यावारिधि उपाधि प्रदान गर्ने निर्णय गरेको छ । बाल्मीकि क्याम्पसमा उप-प्राध्यापकको रूपमा कार्यरत उहाँलाई मिति २०७१।५।३० मा बसेको अनुसन्धान समितिको वैठकले उक्त उपाधि प्रदान गर्ने निर्णय गरेको हो । शोधप्रबन्धमा उहाँले नेपाली बृहद शब्दकोषमा नमिलेको सामाजिक प्रतिनिधित्वगत शब्द एवं त्यसको अर्थबारे खोजमूलक अध्ययन एवं विश्लेषण गर्नुभएको छ ।

## विभिन्न क्याम्पसहरूको वार्षिकोत्सव सम्पन्न

काठमाडौं । अमृत साइन्स क्याम्पसले असोज १ गते आफ्नो ५८औं वार्षिक दिवस समारोह सम्पन्न गरेको छ भने सानोठिमी क्याम्पसले साउन १ गते ४२औं वार्षिक दिवस सम्पन्न गरेको छ । यसैगरी मेची बहुमुखी क्याम्पसले असोज २ देखि ४ गतेसम्म स्वर्णमहोत्सव समारोह सम्पन्न गरेको छ ।

### अनुरोध

***त्रिभुवन विश्वविद्यालय बुलेटिन***मा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन डीन कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, क्याम्पस तथा त्रिविका अन्य निकायहरूलाई हार्दिक अनुरोध छ ।

**त्रिभुवन विश्वविद्यालय बुलेटिन**

## पब्लिक युथ क्याम्पसले पर्यटन दिवस मनायो

काठमाडौं, असोज ११ गते । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. हिराबहादुर महर्जनले पब्लिक युथ क्याम्पसद्वारा आयोजित विश्व पर्यटन दिवस समारोहको उद्घाटन गर्नुभयो ।

२०३० सालमा वाणिज्य शास्त्रको अध्ययन थालनी गरेको उक्त क्याम्पस ब्याचलर अफ ट्राभेल एन्ड टुरिज्म म्यानेजमेन्ट (बी.टी.टी.एम.) कार्यक्रम संचालन गर्ने त्रिविका एक मात्र आंगिक क्याम्पस हो । २०६६ सालदेखि उक्त क्याम्पसमा बी.टी.टी.एम. को पढाइ संचालन हुँदैआएको छ ।

बी.टी.टी.एम. कोर्स अन्तर्गत हाल टुर गाइड, ट्रेकिङ्ग गाइड, हवाई टिकट र रिजर्भेशन इत्यादि सम्बन्धी मध्यमस्तरको प्रबन्धक तहको जनशक्ति तयार गर्ने लक्ष्य राखिएको छ। सोही विषयको पढाइ संचालनको क्रममा उक्त क्याम्पसले यस वर्षको पर्यटन दिवसको अवसरमा क्याम्पसका उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कृत गर्ने उदेश्यसहित उक्त कार्यक्रम आयोजना गरेको हो ।

उद्घाटन समारोहलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै उपकुलपति प्रा.डा. महर्जनले पब्लिक युथ क्याम्पसले स्थापनाकालदेखि व्यवस्थापन कार्यक्रम सञ्चालन गरेर विशेष योगदान पुऱ्याउँदै आएकोमा खुशी व्यक्त गर्नुका साथै क्याम्पसले एम.टी.टी.एम. कार्यक्रम सञ्चालन गरेमा त्यसका लागि आवश्यक सहयोग गर्ने आश्वासन दिनुभयो ।



**त्रिविका उपकुलपति प्रा.डा. हिराबहादुर महर्जन पब्लिक युथ क्याम्पसद्वारा आयोजित विश्व पर्यटन दिवस समारोहको उद्घाटन गर्नुहुँदै ।**
(तस्वीरः त्रिवि सूचना शाखा)

क्याम्पस प्रमुख शिला प्रधानाङ्गको सभापतित्वमा क्याम्पस परिसरमा भएको उक्त कार्यक्रमको प्रारम्भमा बी.टी.टी.एम. कार्यक्रमका निर्देशक प्रा.डा. तारादेवी चित्रकारले स्वागत भाषण गर्नुभएको थियो भने प्रा.डा. पुष्कर वज्राचार्य, डा. ज्ञानेन्द्ररत्न तुलाधरलगायतका वक्ताहरूले पर्यटन दिवसको बारेमा बोल्नु भएको थियो ।

कार्यक्रममा पर्यटन उद्योगका विशेषज्ञहरूले पब्लिक युथ क्याम्पसले बी.टी.टी.एम. कार्यक्रममार्फत पर्यटन क्षेत्रको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्दै आएको र एम.टी.टी.एम. कार्यक्रम पनि सञ्चालन गर्न सुझाव व्यक्त गर्नुभयो ।

कार्यक्रममा विद्यार्थीहरूद्वारा विभिन्न सांस्कृतिक कार्यक्रमहरू पनि प्रस्तुत गरिएका थिए ।

# नेपाल भारत सम्बन्ध विषयमा गोष्ठी सम्पन्न

काठमाडौं, साउन ३१ गते । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत स्नातकोत्तर कार्यक्रम अन्तर्राष्ट्रिय सम्बन्ध तथा कुटनीतिले Nepal-India Relations: Ways Forward बिषयक सेमिनार सम्पन्न गरेको छ ।

नेपाल र भारतबीच भएका विभिन्न सन्धि, सहमति र समझदारीका सम्बन्धमा पटकपटक उत्पन्न भएका विरोधाभास एवं असहमतिका बारेमा छलफल गर्ने र वस्तुगत अवस्थालाई सतहमा ल्याएर समाधान गर्ने एवं भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमण पछि नेपाल भारतको सम्बन्धलाई कसरी सिंहावलोकन गर्ने भन्ने उद्देश्यले आयोजना गरिएको सेमिनारको उद्घाटन परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले गर्नुभएको थियो ।

सेमिनारलाई सम्बोधन गर्दै परराष्ट्रमन्त्री पाण्डेले हरेक मुलुकको परराष्ट्र नीति मुलुकको अपेक्षा अनुरूप हुने गरेको बताउनुभयो । पछिल्लो समयमा वैदेशिक नीतिको मुख्य आधार आर्थिक विकास, शान्ति र सुरक्षा रहेकाले मुलुकको सार्वभौमिकता एवं राष्ट्रिय अखण्डताको संरक्षण गर्ने वैदेशिक नीति निर्माण गर्नुपर्ने बताउनुभयो । साथै उहाँले आर्थिक विकासका लागी नै Power Trade Agreement (PTA) र Project Development Agreement (PDA) लाई अवलम्बन गर्नुपर्ने बताउनुभयो ।

यसैगरी पूर्वपरराष्ट्रमन्त्री उपेन्द्र यादवले आन्तरिक स्थायित्व र घरेलु नीति मजबुत भए मात्रै वैदेशिक नीति र सम्बन्ध प्रभावशाली हुने भन्दै आर्थिक संबृद्धि हासिल गर्नु र व्यापार वृद्धि गराउनु पछिल्लो समयमा वैदेशिक नितिका मुख्य उद्देश्य हुने गरेको बताउनुभयो ।

यसैगरी पूर्व परराष्ट्रमन्त्री प्रकाशशरण महतले खुला सिमाना व्यवस्थापन, ऊर्जा र जलविद्युतका विषयमा नेपाल र भारत दुबै देशलाई फाइदा हुने र विशेष गरी नेपाललाई लाभ हुने सहमति हुनुपर्ने बताउनुभयो । साथै सरकारले पिटिए र पिडिएका विषयमा देखिएको भ्रम चिर्नुपर्ने बताउनुभयो । यसैगरी नेकपा एमालेका नेता एवं पूर्वपरराष्ट्रमन्त्री ईश्वर पोखरेलले १९५० को सन्धिको विषयमा पुनरावलोकन हुनुपर्ने बताउनुभयो भने पूर्वपरराष्ट्रमन्त्री प्रकाशचन्द्र लोहनीले भारतले नेपालसँग बिजुली होइन पानी लिन खोजेको भन्दै सहमति गर्दा निकै होसियार हुनपर्ने बताउनुभयो ।

यसैगरी एनेकपा माओवादीका नेता राम कार्कीले नेपालले राष्ट्रियताको विषयमा आफ्नो अडान छोडन नहुने धारणा व्यक्त गर्नुभएको थियो । त्रिवि उपकुलपति प्रा.डा. हिराबहादुर महर्जनले नेतृत्व गर्नुभएको उक्त कार्यक्रम २ भागमा विभाजन गरिएको थियो । दोस्रो भागमा नेपाल भारत सम्बन्धमा उठेका मुद्दाहरूका बारेमा पूर्वराजदूत एवं परराष्ट्रविदहरू डा. शम्भुराम सिंखडा, रमेशनाथ पाण्डे लगायतले छलफल गर्नुभएको थियो। कार्यक्रममा स्नातकोत्तर कार्यक्रम, अन्तर्राष्ट्रिय सम्बन्ध तथा कुटनीतिका संयोजक डा. खड्ग केसीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# पद्मकन्या बहुमुखी क्याम्पसको ६४ औं वार्षिकोत्सव सम्पन्न

काठमाडौं, असोज १ गते । त्रिभुवन विश्वविद्यालय पद्मकन्या बहुमुखी क्याम्पसले एक विशेष कार्यक्रमको आयोजना गरी आफ्नो ६४औं वार्षिक दिवस सम्पन्न गरेको छ ।

वार्षिक दिवस समारोहको उद्घाटन गर्दै त्रिविका रजिस्ट्रार प्रा.डा. चन्द्रमणी पौडेलले पद्मकन्या क्याम्पस त्रिवि भन्दा अघि स्थापना भएकोले यसको पृथक महत्त्व र गरिमा रहेको बताउनुभयो ।

पद्मकन्या क्याम्पसले महिला सशक्तिकरणको क्षेत्रमा प्रशंसनीय भूमिका खेलेको भन्दै प्रा.डा. पौडेलले पद्मकन्या क्याम्पसले आफ्नो साख र गरिमालाई बचाईराख्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्नुभयो । सरकारले त्रिविलाई प्राज्ञिक नेतृत्व गर्न केन्द्रीय विश्वविद्यालयको भूमिका दिइसकेको भन्दै उहाँले त्यसै अनुसार ऐन, नियम बनाउँदै प्राज्ञिक सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रतिस्पर्धी विश्वविद्यालय निर्माणमा आफूहरू प्रयत्नशील रहेको बताउनुभयो ।

कार्यक्रममा लुनकरणदास गंगादेवी साहित्य कला मन्दिरका संस्थापक, समाजसेवी एवं उद्योगशील बसन्त चौधरीले पद्मकन्या क्याम्पसको नेपाली साहित्य विभागलाई नेपाली साहित्य कला र संस्कृतिको जगेर्ना गर्नका लागि रु. २५ लाखको अक्षयकोष स्थापना गर्नुभएको थियो ।

उक्त अवसरमा बोल्दै चौधरीले शिक्षा राष्ट्र र व्यक्तित्व निर्माणको माध्यम रहेकोले प्राज्ञहरूको प्राज्ञिक क्षमताको प्रस्फुटन, विद्यार्थीको अन्तर्राष्ट्रिय क्षेत्रका कला र साहित्यको क्षेत्रमा काम गर्न प्रोत्साहन मिलोस् र नवीन आशाको संचार गरोस् भन्ने हेतुले अक्षयकोषको निर्माण गरिएको बताउनुभयो ।

कार्यक्रममा त्रिवि विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन चिरिकशोभा ताम्राकारले पद्मकन्या क्याम्पसलाई विज्ञान र प्रविधिको क्षेत्रमा सक्रिय हुन आग्रह गर्नुभयो ।

यसैगरी पद्मकन्या क्याम्पसका प्रमुख रमेश श्रेष्ठले क्याम्पसमा वार्षिक क्रियाकलाप र गतिविधिको बारेमा जानकारी गराउँदै शैक्षिक उन्नयनको लागि त्रिविसँग निरन्तर सहकार्य गर्दै अघि बढिरहेको र पछिल्लो समयमा सम्पूर्ण संकायमा सन्तोषजनक नतिजा प्राप्त गर्न सकेको बताउनुभयो ।

स्ववियुका तर्फबाट बोल्दै स्वस्तिका पोखेलले यथाशीघ्र स्ववियु निर्वाचन गरेर क्याम्पसमा अध्ययन अध्ययापन सहज हुने परिस्थिति निर्माण गर्न त्रिवि पदाधिकारीहरूलाई आग्रह गर्नुभयो । कार्यक्रममा रजिस्ट्रार प्रा.डा. चन्द्रमणी पौडेलले वर्षभरिमा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थी, अवकाश प्राप्त शिक्षक/कर्मचारी एवं कार्यरत शिक्षक/कर्मचारीलाई सम्मानित गर्नुभएको थियो ।

# अनिवार्य अवकाश

**त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षक/कर्मचारीको उमेर निम्न मितिमा ६३ वर्ष पूरा भएकाले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छः**

| शिक्षक/कर्मचारीको नाम | पद | कार्यालयको नाम | अवकाश लागु मिति |
|---|---|---|---|
| श्री कुन्जराज थापा | सह प्राध्यापक | पृथ्वीनारायण ब.क्याम्पस,पोखरा | २०७१।३।२२ |
| श्री दिनेशकुमार उपाध्याय | सह प्राध्यापक | राजनीतिशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०७१।४।२ |
| श्री ऋद्धिबहादुर बज्राचार्य | वरिष्ठ प्रशिक्षक | पुल्चोक क्याम्पस,पुल्चोक | २०७१।४।२ |
| श्री जीतेन्द्र ठाकुर | सहायक प्रशासक | त्रि.वि. सेवा आयोगको कार्यालय,कीर्तिपुर | २०७१।४।३ |
| डा. गणेशप्रसाद खराल | प्राध्यापक | वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | २०७१।४।४ |
| श्री लुमडीप्रसाद खनाल | मुख्य प्रशिक्षक | पुल्चोक क्याम्पस,पुल्चोक | २०७१।४।४ |
| श्री प्रज्ञारत्न शाक्य | उप प्रशासक | परीक्षा नियन्त्रण कार्यालय,बल्खु | २०७१।४।४ |
| श्री राधादेवी शर्मा चालिसे | प्राध्यापक | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०७१।४।७ |
| श्रीमती राज्यलक्ष्मी खड्का(के.सी.) | सह प्राध्यापक | सरस्वती बहुमुखी क्याम्पस,लैनचौर | २०७१।४।७ |
| श्री पारसप्रसाद श्रेष्ठ | सह प्रशासक | पूर्वाञ्चल क्याम्पस,धरान | २०७१।४।९ |
| श्री मुकुन्द सिंह सिलवाल | सहायक प्राध्यापक | नेपाल ल क्याम्पस,प्रदर्शनीमार्ग | २०७१।४।१० |
| डा. उमाकान्त सिलवाल | प्राध्यापक | त्रि.वि.ग्रामीण विकास केन्द्रीय विभाग,कीर्तिपुर | २०७१।४।१३ |
| श्री कमल अधिकारी | उप प्रशासक | त्रि.वि. शिक्षा विकास तथा अ.केन्द्र, बल्खु | २०७१।४।१५ |
| श्री प्रेमराज खनिया | सह प्राध्यापक | महेन्द्ररत्न क्याम्पस,ताहाचल | २०७१।४।१९ |
| श्री मधुसुदन कार्की | सह प्राध्यापक | पुस्तकालय विज्ञान तथा सू.के.वि.कीर्तिपुर | २०७१।४।२० |
| श्री टंकहादुर राई | उप प्रशासक | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | २०७१।४।२२ |
| श्री विज्ञान श्रेष्ठ | सह प्राध्यापक | अमृत क्याम्पस,लैनचौर | २०७१।४।२२ |
| श्री विश्वविलास जोशी | सह प्राध्यापक | सरस्वती बहुमुखी क्याम्पस,लैनचौर | २०७१।४।२३ |
| श्री चिरीकाजी महर्जन | प्रशिक्षक | थापाथली क्याम्पस,थापाथली | २०७१।४।२७ |
| डा. हुमबहादुर वरुवाल | प्राध्यापक | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०७१।४।२८ |
| श्री निर्मलमान कंसाकार | सह प्राध्यापक | त्रिचन्द्र बहुमुखी क्याम्पस,घन्टाघर | २०७१।४।३१ |
| श्री धनबहादुर कुंवर | प्राध्यापक | संस्कृति केन्द्रीय विभाग,कीर्तिपुर | २०७१।५।२ |
| श्री रामनारायण यादव | सह प्राध्यापक | महेन्द्र विन्देश्वरी ब.क्याम्पस,राजविराज | २०७१।५।४ |
| श्री सरोजा श्रेष्ठ | उप लाइब्रेरियन | थापाथली क्याम्पस,थापाथली | २०७१।५।५ |
| श्री श्यामप्रसाद राजभण्डारी | सह प्रशासक | पव्लिकयुथ क्याम्पस,धोवीचौर | २०७१।५।७ |
| श्री ऋषिराज गौतम | सह प्राध्यापक | खाद्य प्रविधि क्याम्पस,धरान | २०७१।५।८ |
| श्री पुरूषोत्तम ठकुरी | उप प्रशासक | पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुर | २०७१।५।१३ |
| श्रीमती रेवतीमैया श्रेष्ठ | सह प्राध्यापक | महाराजगंज क्याम्पस,महाराजगंज | २०७१।५।१३ |
| श्री यादवराज शर्मा | सह प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | २०७१।५।१६ |
| श्री जगदीशप्रसाद शाह | उप प्रशासक | ठाकुरराम बहुमुखी क्याम्पस,वीरगञ्ज | २०७१।५।२० |
| श्री केशवराज पन्थ | सह प्राध्यापक | सरस्वती बहुमुखी क्याम्पस,लैनचौर | २०७१।५।२० |
| श्री तिमिला यमी थापा | प्राध्यापक | पुल्चोक क्याम्पस,पुल्चोक | २०७१।५।२२ |
| श्री खड्गप्रसाद सँग्रौला | सह प्राध्यापक | पाटन संयुक्त क्याम्पस,पाटनढोका | २०७१।५।२४ |
| डा.चेतराज पाण्डे | सह प्राध्यापक | सरस्वती बहुमुखी क्याम्पस,लैनचौर | २०७१।५।२४ |
| श्री राजेन्द्रबहादुर खड्का | आर्थिक नियन्त्रक | चि.शा.अ.सं. डीनको कार्यालय,महाराजगंज | २०७१।५।२८ |

| | | | |
|---|---|---|---|
| श्रीमती रन्जना बज्राचार्य(धाख्वा) | सह प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | २०७१।५।३० |
| श्री अमृतमान नकर्मी | प्राध्यापक | पुल्चोक क्याम्पस,पुल्चोक | २०७१।६।१ |
| श्री सुरेन्द्रप्रसाद सिंह | सह प्राध्यापक | पाटन संयुक्त क्याम्पस,पाटनढोका | २०७१।६।४ |
| श्रीमती मृदुला शर्मा | सह प्राध्यापक | पद्मकन्या बहुमुखी क्याम्पस,बागबजार | २०७१।६।६ |
| श्री विमलप्रसाद कार्की | प्राध्यापक | त्रिचन्द्र बहुमुखी क्याम्पस,घन्टाघर | २०७१।६।११ |
| श्री गोपीलाल महर्जन | प्रशिक्षक | थापाथली क्याम्पस,थापाथली | २०७१।६।११ |
| श्री देवीभक्त ढकाल | सह प्राध्यापक | वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | २०७१।६।११ |
| डा.मोहन विक्रम ज्ञवाली | प्राध्यापक | रसायनशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०७१।६।१५ |
| श्री मोहनकृष्ण वल्ल | प्राध्यापक | पोखरा क्याम्पस,पोखरा | २०७१।६।१६ |
| डा. राजाराम प्रधानाङ्ग | प्राध्यापक | रसायनशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०७१।६।१६ |
| श्री प्रदिपकुमार उपाध्याय | उप प्राध्यापक | बीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | २०७१।६।१७ |
| श्रीमती निर्मला गुरुवाचार्य | सह प्राध्यापक | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | २०७१।६।२१ |
| श्रीमती रेहना पाण्डे (श्रेष्ठ) | सह प्राध्यापक | अमृत क्याम्पस,लैनचौर | २०७१।६।२७ |
| श्री पद्मबहादुर पुन | सह प्राध्यापक | वीरेन्द्र बहुमुखी क्याम्पस,भरतपुर | २०७१।६।२९ |
| श्री रामप्रसाद मानन्धर | प्राध्यापक | पोखरा क्याम्पस,पोखरा | २०७१।६।२९ |

## त्रिवि सभामा निमित्त शिध्याध्यक्षको.........

ल्याइने छ । नयाँ थप कार्यक्रमहरूलाई थप साधन र स्रोत उपलब्ध गराइने छ । एउटा केन्द्रीय ल्यावको स्थापना गर्ने योजना रहेको छ ।

**मानव संसाधन व्यवस्थापनः**

एउटा विस्तृत मानव संसाधन योजना बनाई मानव संसाधनको अधिकाधिक परिचालन गरिनेछ । शिक्षक/कर्मचारीको मनोबललाई उच्च गर्ने र काम प्रति अभिप्रेरित गराउँदै लगिने छ । आवश्यकता अनुसार मानव संसाधनलाई विषयगत दक्ष बनाउनको लागि अल्पकालीन र दीर्घकालीन तालिमहरू संचालनमा ल्याइने छ ।

**वित्तीय साधनको परिचालनः**

विश्वविद्यालयको वित्तीय साधन परिचालनका लागि व्यवहारिक एवं अन्तर्राष्ट्रिय मापदण्डको लेखा प्रणालीको विकास गरिनेछ, जसबाट वित्तीय अनुशासन कायम गर्न सरल हुनेछ । विश्वविद्यालयले आन्तरिक एवं वाह्य साधनको परिचालन अत्यधिक रूपबाट गर्दै निवृत्त शिक्षक, कर्मचारीको निवृत्तिभरणलाई व्यवस्थितगरिन्छ । यसको लागि निवृत्तिभरण तथा उपद्मानकोषलाई अझ सुदृढ बनाइने छ । साथै E-Bidding लाई पनि कार्यान्वयनमा ल्याइने छ ।

**पुस्तकालय सुविधामा अभिवृद्धिः**

त्रि.वि. केन्द्रीय पुस्तकालय एवं आफ्ना आंगिक क्याम्पसका पुस्तकालयको क्षमता अभिबृद्धि गर्ने र सूचना प्रविधिलाई प्रयोगमा ल्याइनेछ । त्रि.वि.ले विभिन्न पुस्तकालयका साधन स्रोतलाई सूचना तथा प्रविधिका प्रयोगबाट सबैको पहुँचमा पुऱ्याउने योजना रहेको छ । साथै यसअन्तर्गत केन्द्रीय विभाग तथा क्याम्पसमा Internet को सुबिधा पुऱ्याइने छ ।

**अध्यक्ष महोदय,**

त्रि.वि.ले आफ्नो नीति कार्यक्रमहरू यस रणनीतिक योजनालाई आधारमानि तयार गर्ने छ जसको प्रभाव सम्पूर्ण त्रि.वि.को संरचनामा पर्दै जाने छ ।

यो रणनीतिक योजनाको कार्यान्वयनलाई चुस्त दुरुस्त बनाउन संस्थागत व्यवस्था गरिएको छ । श्रीमान उपकुलपतिको अध्यक्षतामा एउटा कार्यक्रम कार्यान्वयन बोर्ड गठन गरिने छ, जुन बोर्डले नियमित रूपबाट रणनीतिक कार्यक्रमको कार्यान्वयन पक्षको अनुगमन गर्ने छ । यसको अतिरिक्त एउटा समन्वय समिति हुनेछ, जसले यस रणनीतिक योजना कार्यान्वयनका सम्बन्धमा दैनिक काम गर्ने छ । पाँच वर्षे रणनीतिक योजना कार्यान्वयन गर्नका लागि आवश्यकतानुसार विभिन्न समिति/उपसमितिको पनि गठन गरिनेछ ।

यो रणनीतिक योजना सबै अध्ययन संस्थान, संकाय, अनुसन्धान केन्द्र, केन्द्रीय क्याम्पस, कीर्तिपुर र अध्ययन संस्थान तथा संकायहरूका आ-आफ्ना मातहतका क्याम्पस प्रमुख, केन्द्रीय विभागिय प्रमुखहरू तथा विषय समितिका अध्यक्षहरूको बैठक तथा गोष्ठीबाट तयार पारिएको एकीकृत ५ वर्षे रणनीति योजनाको आधारमा तयार गरिएको हो । धन्यवाद

# त्रिवि र स्वास्थ्य मन्त्रालयबीच सहमति

काठमाडौं, असोज ८ गते । त्रिभुवन विश्वविद्यालय र नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबीच त्रिभुवन विश्वविद्यालयमा कार्यरत शिक्षक, कर्मचारी एवं अध्ययनरत विद्यार्थीहरूको स्वास्थ्य उपचारमा विशेष सुविधा प्रदान गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । मन्त्रालय अन्तर्गतका स्वास्थ्य विज्ञान प्रतिष्ठानका शिक्षण अस्पताल र पायक पर्ने नेपाल सरकारको क्षेत्रीय अस्पताल, उपक्षेत्रीय अस्पताल, अञ्चल अस्पताल र जिल्ला अस्पतालहरूबाट त्रिविका शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराउने विषयमा सहमति भएको हो । हाल २४ वटा



**त्रिवि र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबीच स्वास्थ्य उपचार सुविधासम्बन्धी द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर गर्नुहुँदै स्वास्थ्य सचिव शान्तबहादुर श्रेष्ठ (बायाँ) र त्रिविका उपकुलपति प्रा.डा. हिराबहादुर महर्जन ।**

(तस्वीरः त्रिवि सूचना शाखा)

कल्याणकारी योजना अनुरूप योजनादायी सिद्धान्तको आधारमा त्रिविका आङ्गिक चिकित्सा महाविद्यालय र सम्बन्धनप्राप्त चिकित्सा महाविद्यालयहरूका शिक्षण अस्पतालबाट सो अनुसारका महाविद्यालयहरूका शिक्षण अस्पताल नभएको अवस्थामा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या आंगिङ्ग क्याम्पसलाई स्वास्थ्य सेवा उपलब्ध गराउने विषयमा सहमति भई सकेको छ भने अन्य आंगिङ्ग क्याम्पससँग क्रमशः सहमति हुँदै जाने मन्त्रालयले जानकारी दिएको छ । सहमति पत्रमा त्रिविका उपकुलपति प्रा.डा. हिराबहादुर महर्जन र स्वास्थ्य सचिव शान्त बहादुर श्रेष्ठले हस्ताक्षर गर्नुभएको हो ।

# निवृत्तिभरण कोषमा रकम दाखिला

काठमाडौं, भदौ २० गते । त्रिभुवन विश्वविद्यालय आर्थिक प्रशासन महाशाखाले सम्बन्धन प्राप्त क्याम्पसहरूबाट प्राप्त सेवा शुल्कको रकम र नियमित खाताबाट प्राप्त ब्याज रकम गरी २४ करोड रुपियाँ त्रिविको उपदान तथा निवृत्तिभरण कोषमा जम्मा गरेको छ ।

आर्थिक प्रशासन महाशाखाका प्रमुख राजेन्द्रबहादुर श्रेष्ठले २४ करोड रुपियाँको उक्त चेक त्रिविका रजिस्ट्रार प्रा.डा. चन्द्रमणी पौडेललाई हस्तान्तरण गर्नुभएको हो ।

त्रिवि केन्द्रीय कार्यालयमा आयोजित चेक हस्तान्तरण कार्यक्रममा त्रिविका उपकुलपति प्रा.डा.हिराबहादुर महर्जन लगायत डीनहरू, महाशाखा प्रमुख लगायतको उपस्थिति रहेको थियो ।

# कलेजको नाम,ठेगाना परिवर्तन

काठमाडौं । त्रि.वि. कार्यकारी परिषद्ले काठमाडौं सामाखुशीस्थित 'एसियन स्कुल अफ साइन्स एन्ड टेक्नोलोजी' ले साबिकको नाम परिवर्तन गर्न माग गरेबमोजिम उक्त क्याम्पसको नाम 'एसियाली व्यवस्थापन तथा प्राविधिक महाविद्यालय' (Asian School of Management and Technology) गर्ने निर्णय २०७१ साउन १५ गते गरेको छ ।

यसैगरी काठमाडौं मोडेल कलेजको साबिकको ठेगाना बागबजार, काठमाडौंको सट्टामा इमाडोल गा.वि.स. वडा नं ५, बालकुमारी, ललितपुर गर्ने निर्णय २०७१ साउन ३० गते गरेको छ ।


| | |
|---|---|
| **प्रकाशक** | : **त्रिभुवन विश्वविद्यालय,सूचना शाखा,कीर्तिपुर, फोन नं ४३३०३४६** |
| E-mail | : tuinformation@yahoo.com, info@tribhuvan-university.edu.np |
| Website | : www.tribhuvan-university.edu.np |
| **सम्पादक** | : **श्रीमती भावना वज्राचार्य** |
| **उप सम्पादक** | : **राजेश वज्राचार्य** |
| **कम्प्युटर सेटिंग** | : **पद्मरत्न चित्रकार** |
| **मुद्रक** | : **त्रिवि छापाखाना, कीर्तिपुर, फोन नं. ४३३१३२०, ४३३१३२१** |